# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक ३६ | काठमाडौं | शुक्रबार, १५ जेठ २०८३ | Prabhab National Daily | Friday, 29 May 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५ ।-


## राजदूत बन्न सरकारले खुलायो दरखास्त





- केपी ओली नेतृत्वको सरकारबाट नियुक्त भएका राजदूत फिर्ता बोलाएसँगै डेढ दर्जन मुलुकका कूटनीतिक नियोगमा राजदूत पद रिक्त
- कम्तीमा ३५ वर्ष पुगेको नेपाली नागरिकले जेठ २२ गते साँझसम्म आवेदन दिन सक्ने
- आम नागरिकले आफ्नो व्यक्तिगत आवेदन सँगसँगै दोस्रो व्यक्तिको नाम पनि सिफारिस गर्न सक्ने

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सरकारले राजदूत नियुक्ती खुल्ला प्रतिस्पर्धाबाट गराउने भएको छ । सरकारले भारत, चीन, अमेरिकालगायत डेढ दर्जन मुलुकमा रिक्त रहेको राजदूत नियुक्ति खुला प्रतिस्पर्धाबाट गराउने भएको हो ।

बिहीबार परराष्ट्र मन्त्रालयले रक्ति रहेको स्थानमा राजदूत नियुक्ती गर्न आवेदन आह्वान गरेको छ । 'नेपालको परराष्ट्र नीति, अन्तर्राष्ट्रिय सम्बन्ध र कूटनीतिको प्रभावकारी सञ्चालन तथा प्रवर्द्धन गर्नका लागि नेपाल सरकार, परराष्ट्र मन्त्रालयले विभिन्न मुलुकहरूका लागि नेपालको राजदूत पदमा योग्य तथा इच्छुक नेपाली नागरिकहरूको दरखास्त/सिफारिस आह्वान गरेको छ,' परराष्ट्रको सूचनामा भनिएको छ । केपी ओली नेतृत्वको सरकारबाट नियुक्त भएका राजदूत फिर्ता बोलाएसँगै डेढ दर्जन मुलुकका कूटनीतिक नियोगमा राजदूत पद रिक्त छन् ।

प्रधानमन्त्री वालेन्द्र शाह नेतृत्वको सरकार बनेपछि भारत, अस्ट्रेलिया, श्रीलंका, दक्षिण कोरिया, डेनमार्क र दक्षिण अफ्रिकाका राजदूत फिर्ता बोलाइएको थियो । त्यसअघि सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारले चीन, जर्मनी, इजरायल, मलेसिया, कतार, रूस, साउदी अरब, स्पेन, अमेरिका, बेलायत र जापानका राजदूत फिर्ता बोलाएको थियो ।

यसअघि राजनीतिक भागबण्डको आधारमा राजदूत नियुक्त हुँदै आएकोमा पहिलो पटक खुला प्रतिस्पर्धात्मक मोडलमा राजदूत नियुक्त गर्न लागेको हो । परराष्ट्रले राजदूतका लागि 'ट्रम्स अफ रिफरेन्स' समेत तोकेको छ । इच्छुक नागरिकले यही जेठ २२ (जुन ५) गते साँझ ५ बजेसम्म आवेदन दिन सक्ने परराष्ट्रले जनाएको छ ।

आम नागरिकले आफ्नो व्यक्तिगत आवेदन सँगसँगै दोस्रो व्यक्तिको नाम पनि सिफारिस गर्न सक्ने छन् । 'यस नियुक्ति प्रक्रिया अन्तर्गत इच्छुक तथा योग्य उम्मेदवारहरूले स्वयंले पनि आफ्नो दरखास्त पेश गर्न सक्नेछन् साथै अन्य कुनै व्यक्ति तथा निकायले योग्य उम्मेदवारको नाम सिफारिस गर्न सक्ने व्यवस्था गरिएको छ,' सूचनामा भनिएको छ, 'राजदुत नियुक्तिसम्बन्धी निर्देशिका, २०७५ को अधीनमा रही तयार गरिएको वेबसाइटमा उपलब्ध कार्यशर्त बमोजिमको आवश्यक योग्यता पुगेका उम्मेदवारहरूको सिफारिस गर्न सकिनेछ ।'

राजदूत बन्न कम्तीमा ३५ वर्ष उमेर पुगेको, मान्यताप्राप्त विश्वविद्यालयबाट स्नातक तह पास गरेको र अन्तर्राष्ट्रिय सम्बन्ध वा कूटनीतिमा अनुभव अनिवार्य गरिएको छ । यसैगरी भ्रष्टाचार वा नैतिक पतनसँग सम्बन्धित कसुरमा दोषी ठहर नभएको, कुनै पनि देशमा स्थायी बसोबासको अनुमति नलिएको र उच्च नैतिक चरित्र भएको हुनुपर्ने प्रावधान राखिएको छ ।

आवेदन परेपछि यसको अन्तिम छनोट भने परराष्ट्रले गर्ने र मन्त्रिपरिषद्ले नाम सिफारिस गर्ने बताइएको छ । 'मन्त्रालयले प्राप्त आवेदन तथा सिफारिसहरूबाट प्रारम्भिक सूची तयार गरी योग्यता र उपयुक्तताका आधारमा उम्मेदवारहरूको सर्टलिस्ट गर्नेछ । सर्टलिस्टमा परेका उम्मेदवारहरूलाई मात्र थप प्रक्रियाका लागि सम्पर्क गरिनेछ,' सूचनामा भनिएको छ ।

क्रमशः पृष्ठ २ मा

## आउँदै बालेन सरकारको 'ब्लुप्रिन्ट' बजेट

- बालेन सरकारको पहिलो बजेट आज सार्वजनिक हुँदै
- अर्थमन्त्री वाग्लेले अपराह्न ४ बजे दुवै सदनमा प्रस्तुत गर्ने
- बढीमा २२ खर्बसम्मको बजेट ल्याउने
- पूर्वाधार, ऊर्जा, सूचना प्रविधि, कृषि आधुनिकीकरण, पर्यटन, रोजगारी र सामाजिक सुरक्षालाई प्राथमिकता

■ **जेबी योञ्जन**

**काठमाडौं–** झण्डै दुई तिहाइ बहुमतको बालेन सरकारको बजेट आज सार्वजनिक गरिँदैछ । संघीय संसद्को संयुक्त बैठकमा अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले अपराह्न ४ बजे बजेट प्रस्तुत गर्ने कार्यसूची रहेको छ ।

सरकार गठनपछि बालेन सरकारले पहिलो पूर्ण आकारको बजेट ल्याउन लागेको हो । भनिन्छ, सरकारले बढीमा २२ खर्बको बजेट ल्याउन लागेको छ । यदि सरकारले यो आकारको बजेट ल्याए इतिहासकै ठूलो बजेट हुने अर्थशास्त्रीहरू बताउँछन् । तर, अर्थविद् डा. चन्द्रमणि अधिकारी ठूलो बजेट ल्याएर काम नहुने बताउँछन् । 'बजेट ठूलो बनाएर अर्थ छैन । पहिला ठूलो बजेट ल्याउने, पछि घटाउने प्रवृत्ति छ,' उनले प्रभावसँग भने ।

सुशासन कायम, भ्रष्टाचार नियन्त्रण र नातावादको अन्त्यको खातिर भएको जेन-जी विद्रोहको जगमा भएको निर्वाचनबाट अभूतपूर्व जनमत प्राप्त गरी गठन भएको बालेन सरकारले आफ्नो आर्थिक दृष्टिकोण बजेटमार्फत प्रस्तुत गर्न लागेको हो ।

सरकारले यस बजेटलाई आर्थिक पुनरुत्थान, उत्पादन वृद्धि, रोजगारी विस्तार र सुशासनमुखी विकासको दस्तावेजका रूपमा प्रस्तुत गर्ने भएको छ । राष्ट्रपति रामचन्द्र पौडेललाई अर्थमन्त्री डा. वाग्लेले बजेटका प्राथमिकता र सिद्धान्तबारे बिहीबार नै जानकारी गराइसकेका छन् । सरकारले बजेटमार्फत पूर्वाधार, ऊर्जा, सूचना प्रविधि, कृषि आधुनिकीकरण, पर्यटन, रोजगारी र सामाजिक सुरक्षालाई प्राथमिकतामा राख्ने भएको छ ।

अर्थ मन्त्रालयका सहायक प्रवक्ता किशोर ढकालका अनुसार सरकारले सार्वजनिक गरेको चालु आर्थिक वर्ष २०८२/८३ को आर्थिक सर्वेक्षणले अर्थतन्त्रको आकार ६६ खर्ब ९ अर्ब रूपैयाँ पुग्ने अनुमान गरेको छ । यद्यपि आर्थिक वृद्धिदर ३.८२ प्रतिशतमा सीमित रहने प्रक्षेपण गरिएको छ, जुन गत वर्षको ४.४३ प्रतिशतभन्दा कम हो । आर्थिक गतिविधि सुस्त भइरहेका बेला सरकारले ठूलो आकारको बजेट ल्याउने तयारी गरेको हो ।

विशेषगरी निजी क्षेत्रको लगानी सुस्त हुनु, बैंकिङ क्षेत्रमा अधिक तरलता भएर पनि कर्जा विस्तार अपेक्षित हुन नसक्नु, उद्योग उत्पादन कमजोर रहनु र आन्तरिक बजारमा माग खस्कनुले सरकारमाथि आर्थिक चलायमानता बढाउने दबाब सिर्जना गरेको छ । यही कारण यसपटकको बजेटलाई नियमित खर्चको दस्तावेज नभई अर्थतन्त्रलाई गति दिने राजनीतिक घोषणापत्रका रूपमा समेत हेरिएको छ ।

क्रमशः पृष्ठ २ मा



### यस्तो थियो पहिलो बजेट

नेपालमा पहिलोपटक बजेट सार्वजनिक गर्ने सुवर्ण शमशेर हुन् । उनले २१ माघ २००८ मा बजेट ल्याए । त्यसअघि राणाकालमा बजेट ल्याउने परम्परा थिएन । राणा परिवारभित्र मात्रै देशको आम्दानी र खर्च सीमित हुन्थ्यो ।

यस्तोमा कांग्रेस नेतृत्वमा भएको सशस्त्र क्रान्तिले राणाशासन ढालेपछि गठित सरकारका अर्थमन्त्री सुवर्णले देशको समुचित विकासका लागि भन्दै बजेट ल्याए । उनले बजेटमा लेखेका छन्, 'अब देशमा प्रजातान्त्रिक र दुनियाँप्रति जवाफदेही सरकार खडा भएकाले राष्ट्रको आम्दानी के कति हुन्छ र केमा खर्च हुन्छ भन्ने कुराको ज्ञान दुनियाँले सरकारबाट पाउने हक छ ।'

उनले त्यसबेला प्रजातान्त्रिक सरकारको पहिलो अर्थमन्त्रीको हैसियतबाट नेपालको इतिहासमा सर्वप्रथम बजेट पेस गर्न पाउँदा गौरवान्वित महसुस भएको बताएका थिए । बजेट भाषणमा उल्लेख भए अनुसार २००७ सालमा देशको आम्दानी २ करोड ९० लाख र खर्च २ करोड ४६ लाख रूपैयाँ भएको देखिन्छ । बजेटमार्फत उनले राणा शासनको शोषणमा रहेका जनतालाई आर्थिक स्वतन्त्रताको अधिकार महसुस बनाउँदै थिति बसाल्ने सन्दर्भमा यो बजेट महत्वपूर्ण मानिन्छ ।

### राष्ट्रपतिलाई बजेटबारे जानकारी

अर्थमन्त्री डा.स्वर्णिम वाग्लेले राष्ट्रपति रामचन्द्र पौडेललाई आगामी आर्थिक वर्षको बजेटबारे जानकारी गराएका छन् । बिहीबार अपरान्ह राष्ट्रपति कार्यालय शितल निवास पुगेर वाग्लेले आर्थिक वर्ष २०८३/८४ को राजश्व र व्ययको वार्षिक अनुमान (बजेट) बारे राष्ट्रपतिलाई जानकारी गराएका हुन् । भेटमा अर्थमन्त्री डा.वाग्लेले संसदमा पेस भएको आर्थिक सर्वेक्षण २०८२/८३ र सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा प्रतिवेदन पनि राष्ट्रपतिलाइई हस्तान्तरण गरे ।

**सन्दर्भः वैदेशिक रोजगार**

## वैदेशिक रोजगार संघको निर्वाचन एक पक्ष तयारी थाल्दै अर्को रोक्न

पत्रमा स्पष्ट छ कि संघलाई अझ प्रभावकारी बन, निर्वाचित कार्यसमितिलाई मान्यता दिएर अगाडि बढाउ, पुरै कार्यकाल चलाउ भनेको छ । अहिले कथित प्रबन्ध समितिले निर्वाचन माग्दैमा जिल्ला प्रशासन कार्यालयले मान्यता दिएको अवस्था छैन । यो चुनाव किमार्थ हुँदैन ।

■ **रामकुमार गैरे**
**उपाध्यक्ष वैदेशिक रोजगार व्यवसायी एसोसिएसन**

प्रशासनले प्रबन्ध समितिलाई मान्यता दिनु नै अहिलेको कार्यसमिति विघटन भएको हो भन्नु हो । चित्त नबुझेको अवस्थामा उहाँहरु सिडिओ कार्यालय वा त्योभन्दा माथिल्लो निकायमा जान सक्नुहुन्छ । माथिल्लो निकायले आदेश दिएको अवस्थामा हामी चुप लाग्छौं ।

■ **राजेन्द्र भण्डारी**
**संयोजक, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ, प्रबन्ध समिति**

■ **ममता थापा**

**काठमाडौं–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघको निर्वाचनको तयारी सुरु भएको छ । बिहीबार व्यवसायी टंकबहादुर राउतको संयोजकत्वमा निर्वाचन समिति गठन भएसँगै जेठ २४ गतेका लागि तय भएको संघको निर्वाचनको तयारी शुरु भएको हो ।

समितिमा राउत प्रमुख निर्वाचन अधिकृत, भवानीप्रसाद निरौला निर्वाचन अधिकृत र संघका कानूनी सल्लाहकार वरिष्ठ अधिवक्ता शम्भुप्रसाद निरौला सदस्य सचिव तोकिएको छन् । समितिले प्रकाशन गर्ने कार्यतालिका बमोजिम आवश्यक कार्य अगाडि बढाउन प्रबन्ध समितिले व्यवसायीलाई आह्वान गरेको छ । निर्वाचन समितिले सदस्यता लिने, नवीकरण गर्ने, प्रतिनिधि पठाउने लगायतका कार्यतालिका सार्वजनिक गर्ने जनाइएको छ ।

लगत्तै हुने विशेष साधारणसभाले आगामी कार्यकालको लागि कार्यसमिति चयन गर्नेछ । उक्त निर्वाचनका लागि संघका घटक संस्थाहरू प्रगतिशिल वैदेशिक रोजगार व्यवसायी मञ्च नेपाल र नेपाल वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्च तयार भएका छन् । प्रगतिशील मञ्चका अध्यक्ष जनक रावल र गणतान्त्रिक मञ्चका अध्यक्ष धनलाल जैसी निर्वाचन गराउन बनेको प्रबन्ध समितिको सल्लाहकार समेत छन् ।

नेपाली कांग्रेसको शुभेच्छुक संस्था लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनमा भने निर्वाचनको विषयमा मतभेद छ । एसोसिएसनका कार्यवाहक महासचिव तुलसी पुरी लगायतले विगतदेखि नै निर्वाचनको माग राखिरहँदा अध्यक्ष दिपक थापा, उपाध्यक्ष रामकुमार गैरेलगायतको टोली अध्यक्ष गुरुङलाई कार्यकाल पुरा गर्न दिनुपर्ने पक्षमा उभिँदै आएको छ । जिल्ला प्रशासनको पत्रमा चुनाव गराउ भन्ने किसिमको आशय नरहेको उनीहरूको दाबी छ ।

प्रशासनले हालको कार्यसमितिलाई सम्हालेर अघि बढ भन्ने आशय व्यक्त गरेको एसोसिएसनका उपाध्यक्ष गैरेले बताउँछन् । 'पत्रमा स्पष्ट छ कि संघलाई अझ प्रभावकारी बन, निर्वाचित कार्यसमितिलाई मान्यता दिएर अगाडि बढाउ, पुरै कार्यकाल चलाउ भनेको छ,' गैरेले भने, 'अहिले कथित प्रबन्ध समितिले निर्वाचन माग्दैमा जिल्ला प्रशासन कार्यालयले मान्यता दिएको अवस्था छैन । यो चुनाव किमार्थ हुँदैन ।'

आफूहरू लोकतान्त्रिक पद्धतिमा विश्वास गर्ने भएकाले विषम परिस्थिति पनि चुनावमा सहभागी हुँदै आए पनि प्रशासनको पत्रमा चुनाव हुने विषय कतै उल्लेख नभएको गैरेको दाबी छ । आफूहरू जिल्ला प्रशासन कार्यालयको निर्देशनअनुसार अघि बढेकाले उक्त निर्णय चित्त नबुझे अन्य निकायमा जान पाउने अधिकार असन्तुष्ट पक्षसँग भएको प्रबन्ध समितिका संयोजक तथा संघका निवर्तमान अध्यक्ष राजेन्द्र भण्डारी बताउँछन् ।

क्रमशः पृष्ठ २ मा

## इजरायलले माग्यो २३०० केयर गिभर, गोलाप्रथाबाट छानिने



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** इजरायलमा केयर गिभर (सहायक कामदार)को आवेदन खुलेको छ । वैदेशिक रोजगार विभागले २ हजार ३ सय जनाका लागि इजरायलमा केयर गिभर नेपाली श्रमिकको माग आएको हो ।

यसैबिच नेपालस्थित इजरायली दूतावसले २०२४को भर्ना प्रक्रियामा योग्य भएर पनि गोलाप्रथामा नपरेकालाई यसपटक आवेदन दिन अनुरोध गरेको छ । गत साता सबै प्रक्रिया पुरा गरेर पनि गोलाप्रथामा छनोट नभएकाहरू आन्दोलनमा उत्रिएका थिए । अघिल्लो पटक चिठ्ठा नपरेकाहरू साढे ११ सयभन्दा बढी छन् । त्यतिबेला रोजगारीको अवसर नपाएकालाई पुनः रोजगारी दिने कुनै निर्णय नभएकाले दोहोऱ्याएर प्रक्रिया सुरु गर्न दूतावासको आग्रह छ ।

नेपाल र इजरायल सरकारबीच भएको श्रम सम्झौताअनुसार दीर्घकालीन स्याहार केन्द्रमा नेपाली श्रमिकको आवेदन खुलाइएको विभागले जनाएको छ । विभागको सूचनाका अनुसार इजरायलले ६० प्रतिशत महिला र ४० प्रतिशत पुरुष कामदारका लागि कोटा छुट्याएको छ ।

'कामदारको करार अवधि एक वर्षको हुने र आवश्यकताअनुसार थप गर्न सकिनेछ,' सूचनामा भनिएको छ । २५ वर्ष पुरा भइ ४५ वर्ष ननाघेका व्यक्तिले आवेदन दिनसक्ने छन् । आवेदन दिने व्यक्तिको कम्तीमा १.५ मिटर उचाइ, ४५ किलोग्राम तौल, र सम्बन्धित क्षेत्रमा तालिम वा अनुभव आवश्यक पर्नेछ ।

विभागको वैदेशिक रोजगार व्यवस्थापन प्रणालीमा उपलब्ध आवेदन फाराम अनलाइनमार्फत भर्न सकिने विभागले जनाएको छ ।

क्रमशः पृष्ठ २ मा

# बदली र वर्षाले आगामी केही दिन शीतल महसुस


काठमाडौं- पछिल्लो केही दिनदेखि नेपालको तराई क्षेत्रमा तापक्रम घट्दा केही राहत महसुस भएको छ । जल तथा मौसम विज्ञान विभागका अनुसार मौसम बदलीका कारण केही दिन विभिन्न जिल्लामा वर्षासहितको हावाहुरी चल्ने र तराई क्षेत्रमा शीतल महसुस हुने जनाएको छ ।

दुई दिनअघि तराइका विभिन्न जिल्लामा ४१ डिग्री नाघेको तापक्रम अहिले ३९ डिग्रीभन्दा तल रहेको जल तथा मौसम विज्ञान विभागले जनाएको छ । विभागको मापन केन्द्रमा भएको अभिलेखअनुसार आज सबैभन्दा बढी तापक्रम धनगढीमा ३८ दशमलव सात डिग्री मापन भएको छ । यस्तै नेपालगञ्जमा ३८ दशमलव दुई डिग्रीसम्म तापक्रम पुगेको छ ।

अन्य जिल्लामा ३६ डिग्रीभन्दा माथि आज तापक्रम नगएको विभागले जनाएको छ । विभागका सूचना अधिकारी दिनकर कायस्थले अहिले देशभर केही शीतल महसुस भएको बताए । उनले अहिले विभिन्न जिल्लामा वर्षा हुने क्रम बढेको भन्दै काठमाडौंसहित कतिपय जिल्लामा वर्षा भइरहेको जानकारी दिए ।

बिहीबारमात्रै धनकुटामा सबैभन्दा बढी ८७ मिलिमिटर वर्षा भएको छ। काठमाडौँसहितका कतिपय जिल्लामा भने मध्यमसम्म वर्षा भएको विभागले जानकारी दिएको छ। शुक्रबादेखि भने वर्षा केही बढ्ने जनाइएको छ ।

विभागले बिहीबार साँझ जारी गरेको बुलेटिनअनुसार हाल नेपालमा पश्चिमी वायू र स्थानीय वायू तथा नेपालको पूर्वी भू-भाग नजिक रहेको न्यून चापीय क्षेत्रको



प्रभाव रहेको छ । जसका कारण अहले देशका हिमाली र पहाडी भू-भागमा साधारणतया बादल लागेको छ भने बाँकी तराई भू-भागमा आंशिक बादल लागेको छ ।

कोशी प्रदेशका केही स्थानमा, बागमती, गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशका थोरै स्थानमा मेघगर्जन/चट्याङसहित मध्यमसम्मको वर्षा भइरहेको विभागका सूचना अधिकारी कायस्थले जानकारी दिए ।

मौसमविद् धर्मराज उप्रेतीका अनुसार पश्चिम तराईको लु अर्थात् अत्यधिक गर्मीको अवस्था शुक्रबार बिहानदेखि कमी आउने र आगामी तीन-चार दिन शीतल महसुस हुने सम्भावना छ ।

उनका अनुसार जेष्ठ १५ गते बिहानैदेखि पश्चिम नेपालका तीन प्रदेश (सुदुर पश्चिम, कर्णाली अनि लुम्बिनी)मा वर्षा, असिना, हावाहुरीको संभावना रहेको र जेष्ठ १८ गतेसम्म यो प्रणालीको प्रभाव रहने छ। यो प्रणालीको प्रभाव गण्डकी, कोशी र मधेसमा पनि देखिने हुँदा शीतल महसुस हुने बताइएको छ ।

विभागका अनुसार शुक्रबार देशभर साधारणतया बादल लागी गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशलगायत बाँकी हिमाली र पहाडी भू-भागका केही स्थानमा तथा मधेस प्रदेशलगायत कोशी र बागमती प्रदेशका तराई भू-भागका एक-दुई स्थानमा मेघगर्जन/चट्याङ्गसहित मध्यमसम्मको वर्षा/हिमपातको सम्भावना छ। सुदूरपश्चिम, कर्णाली र लुम्बिनी प्रदेशका तराई र पहाडी भू-भागका थोरै स्थानमा हावाहुरीको पनि सम्भावना रहेको बुलेटिनमा उल्लेख छ। *रासस*

पृष्ठ १ बाट क्रमशः

## आउँदै बालेन...

सरकारले चालु खर्च नियन्त्रण गर्ने सार्वजनिक प्रतिबद्धता दोहोऱ्याए पनि व्यवहारमा खर्च संरचना फेरिन नसकेको डा. अधिकारी बताउँछन् । फागुनसम्म चालु खर्च १०.४ प्रतिशतले बढ्दा राजस्व वृद्धि भने ३.२ प्रतिशतमा सीमित रहेको आर्थिक सर्वेक्षणले देखाएको छ । परिणामस्वरूप सरकार ५८ अर्ब रूपैयाँ वित्त घाटामा पुगेको छ । सार्वजनिक ऋण २८ खर्ब ७८ अर्ब रूपैयाँ नाघिसकेको अवस्थामा नयाँ बजेटले ऋण व्यवस्थापनलाई कसरी सम्बोधन गर्छ भन्ने चासो पनि बढेको छ ।

सरकारले भने आर्थिक आधारहरू सकारात्मक बन्दै गएको दाबी गरेको छ । विप्रेषण ३७ प्रतिशतले बढेर १४ खर्ब ५० अर्ब रूपैयाँ पुगेको छ भने विदेशी मुद्रा सञ्चिति इतिहासकै उच्च अर्थात् ३४ खर्ब १३ अर्ब रूपैयाँ पुगेको तथ्याङक सार्वजनिक गरिएको छ। मुद्रास्फीति नियन्त्रणमा रहेको, पर्यटन क्षेत्र सुधारिएको, विद्युत् पहुँच विस्तार भएको र डिजिटल भुक्तानी तीव्र रूपमा बढेको दाबी सरकारको छ ।

तर, अर्थविद् अधिकारी विप्रेषण र आयातमा आधारित अर्थतन्त्रलाई दीर्घकालीन सुधारको संकेतका रूपमा लिन नहुने बताइरहेका छन् । उत्पादन, रोजगारी र औद्योगिक विस्तारमा अपेक्षित सुधार नदेखिएसम्म आर्थिक संरचना कमजोर नै रहने उनको तर्क छ । यही कारण सरकारले आज ल्याउने बजेटले वास्तविक उत्पादनमूलक क्षेत्रलाई प्राथमिकता दिन्छ कि पुरानै वितरणमुखी शैलीलाई निरन्तरता दिन्छ भन्ने प्रश्न महत्वपूर्ण बनेको छ ।

राजनीतिक रूपमा पनि बजेट निकै संवेदनशील समयमा आउँदैछ। संसद्मा विपक्षी दलहरूले प्रधानमन्त्री संसद्प्रति उत्तरदायी नभएको आरोप लगाउँदै लगातार अवरोध गरिरहेका छन् । प्रमुख प्रतिपक्षी नेपाली कांग्रेससहित विपक्षी दलहरूले प्रधानमन्त्री स्वयं संसद्मा उपस्थित भएर जवाफ दिनुपर्ने माग राखिरहेका छन् । तर, सरकार भने बहुमतको आधारमा संसदीय प्रक्रिया अघि बढाउने रणनीतिमा देखिएको छ । अर्कोतर्फ विकास र सौन्दर्यकरणको नाममा कमजोर वर्गमाथि राज्य शक्ति प्रयोग गरिएको आरोपबीच सरकारले सामाजिक न्यायमुखी बजेट ल्याउने दाबी गरिरहेको छ।

यद्यपि, सरकारको चुनौती भनेको संघीयता कार्यान्वयनसँग जोडिएको वित्तीय व्यवस्थापन हो । प्रदेश र स्थानीय तहहरूले पर्याप्त स्रोत नपाएको गुनासो गरिरहेका बेला केन्द्र सरकारले स्रोत बाँडफाँट कसरी गर्छ भन्ने प्रश्न पनि उठिरहेको छ । आर्थिक सर्वेक्षणले बागमती र गण्डकीबाहेक सबै प्रदेशको आर्थिक वृद्धिदर राष्ट्रिय औसतभन्दा कम रहने अनुमान गरेको छ, जसले क्षेत्रीय असमानताको बहसलाई थप गहिरो बनाएको छ ।

यसपटकको बजेटमा युवामुखी कार्यक्रम, स्टार्टअप प्रोत्साहन, सूचना प्रविधि, हरित ऊर्जा, पर्यटन र कृषि आधुनिकीकरणमा विशेष प्याकेज आउन सक्ने चर्चा छ । बालेन सरकार आफ्नो राजनीतिक ब्रान्ड 'नयाँ पुस्ताको शासन'सँग मेल खाने गरी डिजिटल प्रशासन, नवप्रवर्तन र पारदर्शितामुखी कार्यक्रम घोषणा गर्ने तयारीमा रहेको स्रोतहरू बताउँछन् ।

तर, विगतका बजेटहरूजस्तै घोषणा धेरै र कार्यान्वयन कमजोर हुने पुरानै समस्या दोहोरिने हो कि भन्ने आशंका पनि उत्तिकै छ । विकास बजेट खर्च हुन नसक्ने, ठूला आयोजना समयमै पूरा नहुने, भ्रष्टाचार नियन्त्रणमा ठोस उपलब्धि नदेखिने र सार्वजनिक प्रशासन प्रभावकारी बन्न नसकेको आलोचना सरकारमाथि कायम छ। सरकारले सामाजिक सुरक्षालाई पनि विस्तार गर्ने जनाएको छ । हाल सामाजिक सुरक्षा भत्ता लिने लाभग्राहीको संख्या ३६ लाख ४१ हजार पुगेको छ भने योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा २८ लाख ५० हजार सूचीकृत भइसकेका छन् । स्वास्थ्य बीमा, शिक्षा, खानेपानी र ग्रामीण पूर्वाधारमा पनि बजेट बढ्न सक्ने अनुमान गरिएको छ ।

विद्युत् उत्पादन र निर्यातलाई सरकारले प्राथमिकतामा राख्ने अपेक्षा गरिएको छ । विद्युत्को पहुँच ९९.१ प्रतिशत जनसंख्यामा पुगेको र पेट्रोलियम पदार्थको आयात घटेको तथ्याङ्क प्रस्तुत गर्दै सरकारले ऊर्जा क्षेत्रमा उपलब्धि दाबी गरिरहेको छ। आगामी बजेटमा प्रसारण लाइन, जलविद्युत् आयोजना र विद्युतीय यातायात विस्तारलाई विशेष प्राथमिकता दिइन सक्ने सम्भावना छ । पर्यटन क्षेत्रलाई पनि सरकारले आर्थिक पुनरुत्थानको प्रमुख आधारका रूपमा लिएको छ । सन् २०२५ मा ११ लाख ६२ हजार पर्यटक नेपाल आएको तथ्याङ्क सार्वजनिक गर्दै सरकारले पर्यटन पूर्वाधार, हवाई सेवा र गन्तव्य प्रवर्द्धनमा लगानी बढाउने तयारी गरेको छ । बजेटले मध्यमवर्गलाई प्राथमिकता दिने यसअघि नै अर्थमन्त्री वाग्लेले बताइसकेका छन् ।

■■■

## राजदूत बन्न...

राजदूतको कार्यकाल चार वर्षको हुने र तलब र सुविधा विशिष्ट श्रेणीका सरकारी कर्मचारी सरह हुने छ । नेपालले हाल ३४ देशमा राजदूत र १० देशमा महावाणिज्यदूत नियुक्त गर्दै आएको छ । यीमध्ये १७ देशमा अहिले नै राजदूत रिक्त छन् भने त्यसबाहेक ब्राजिल, म्यानमार, ओमान, अष्ट्रिया, बंगलादेश, इजिप्ट लगायत केही देशका राजदूतको कार्यकाल केही महिनामै सकिँदैछ ।

■■■

## वैदेशिक रोजगार...

'प्रशासनले प्रबन्ध समितिलाई मान्यता दिनु नै अहिलेको कार्यसमिति विघटन भएको हो भन्नु हो,' उनले भने, 'चित्त नबुझेको अवस्थामा उहाँहरू सिडिओ कार्यालय वा त्योभन्दा माथिल्लो निकायमा जान सक्नुहुन्छ । माथिल्लो निकायले आदेश दिएको अवस्थामा हामी चुप लाग्छौं ।'

वर्तमान कार्यसमिति आफूहरूले नभइ विधान बमोजिम विघटन भएकाले निर्वाचनमा सहभागी हुन पाउने अधिकारको प्रयोग गर्न भण्डारीको सुझाव छ । 'फ्रेस म्यान्डेट' लिएर संघको नेतृत्व गर्ने बाटो खुला रहेको उनले बताए । 'उहाँहरूको कार्यसमिति हामीले विघटन गरिदिएको होइन । उहाँहरूभित्रकै कार्यसमितिका दुई तिहाइ पदाधिकारीले विधानअनुसार राजिनामा दिएर विघटन भएकाले विधानसम्मत निर्वाचनको प्रक्रिया अघि बढाइएको हो,' भण्डारीले भने, 'चुनावमा उहाँहरू पनि भाग लिन सक्नुहुन्छ। निर्वाचित हुनुभयो भने उहाँहरूकै नेतृत्वमा संघ अगाडि बढ्छ।'

शुक्रवार निर्वाचन तालिका सार्वजनिक हुने प्रबन्ध समितिका संयोजक भण्डारीले बताए। चुनाव बिथोल्ने गतिविधि भए जिल्ला प्रशासनले त्यही अनुसारको सुरक्षा दिने उनको भनाइ छ। प्रशासनले बुधबार संघलाई पठाएको पत्रमा बहुमत पदाधिकारीले राजीनामा दिइसकेका कारण विधान र प्रचलित कानुनबमोजिम काम कारबाही गर्न भनेको छ ।

विधानको दफा २६ (४) (ख) मा 'कार्यसमितिका दुईतिहाइ पदाधिकारीले सामूहिक राजीनामा दिएमा कार्यसमिति स्वतः विघटन हुने छ र सोही दिन सल्लाहकारहरूको रोहवरमा एक सात सदस्यीय प्रबन्ध समिति खडा गरी प्रबन्ध समितिले २१ दिनभित्र विशेष साधारणसभा बोलाई सोही दिन निर्वाचन सम्पन्न गराउने छ' भन्ने उल्लेख छ। अध्यक्ष गुरुङको कार्यशैलीप्रति असन्तुष्टि जनाउँदै गत वैशाख १४ मा कार्यसमितिका सात जना पदाधिकारीमध्ये पाँच जना र १० जना सदस्यमध्ये छ जनाले सामूहिक राजीनामा दिएका थिए ।

■■■

## इजरायलले माग्यो...

आवेदन दिने अन्तिम समय असार १७ गते बेलुका ५ बजेसम्म तोकिएको छ। आवेदन दिएकाहरूको छनोट प्रक्रिया गोलाप्रथाबाट हुने सूचनामा भनिएको छ । प्रारम्भिक छनोटमा परेका उम्मेद्वारको नामावली इजरायली पक्षलाई पठाइने र अन्तिम छनोटपछि मात्रै रोजगार प्रक्रियामा सहभागी गराइने विभागले स्पष्ट पारेको छ।

इजरायल जानुपर्ने श्रमिकले स्वास्थ्य परीक्षण, बीमा, तालिम, राहदानी, भाषा परीक्षा शुल्क आदिमा निश्चित खर्च व्यहोर्नुपर्नेछ । विभागले तोकेको प्रक्रिया पूरा गरेपछि मात्रै इजरायल जान पाइनेछ।

छनोट भएका कामदारले इजरायलमा मासिक छ हजार चार सय ४३.८५ इजरायली सेकेल अर्थात झण्डै साढे तीन लाख नेपाली रूपैयाँ बराबर तलब पाउनेछन् । यसबाहेक ओभरटाइम, वार्षिक बिदा, खाना तथा बसोबाससम्बन्धी सुविधा पनि पाइने छ ।


### सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १३ अंक ३२ जेठ ११ गते २०८३ मा प्रकाशित Index Recruitment Pvt. Ltd. को विज्ञापनमा LT. No. 339766 को Galfar Engineering & Contracting Saog कम्पनीको अन्तर्वार्ता स्थान Kathmandu Kathmandu City, Global Training Institute Pvt. Ltd हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराइन्छ।

Index Recruitment Pvt. Ltd.
Chabahil - 7, Kathmandu, Nepal, Tel No. +977-01-5911443 Mo.NO. 9813850986, 9814269669
E-mail : info@indexrecruitment.com.np ,www. www.indexrecruitment.com.np



### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक सूचना प्रकाशित मिति : २०८३/०२/१५**

यस कम्पनीको मिति २०८३/०२/१० को साधारण सभा र विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी **न्यू राज प्लास्टो ईन्डस्ट्रिज प्र.लि**. को नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३/०२/१२ गतेको निर्णयानुसार नाम परिवर्तन गरी **कैलाश प्लास्टो ईन्डस्ट्रिज प्र.लि**. (प्रा.लि.नं. २५७८७७) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि यो सूचना प्रकाशित गरिएको छ ।



### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मिति : २०८३/०२/१५ गते**

यस कम्पनीको मिति २०८२/०१/१६ मा सम्पन्न भएको विशेष साधारण सभाद्वारा यस **लेजेन्डरी भेप्स नेपाल प्रा.लि**.को नाम परिवर्तन गरी **श्री लेजेन्डरी क्याफे प्रा.लि. (दर्ता नम्बर ३०९२९६)** कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८३/०२/११ गतेको निर्णय अनुसार स्विकृति प्रदान गरिएको छ । साथै साविकको नाममा रहेको चल अचल सम्पत्ति तथा तिर्नु पर्ने दायित्व यसै कम्पनीले सकार्ने व्यहोर्ने सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



### कम्पनीको नाम परिवर्तन गरिएको सूचना !

***प्रथम पटक प्रकाशित मिति : २०८३/०२/१५ गते***

यस कम्पनीको मिति २०८३/०२/०५ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी सि.जि.रेमिट प्रा.लि.को नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **एन.आर.एन.रेमिट प्रा. लि.** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८३/०२/१२ गतेको निर्णयअनुसार नाम परिवर्तन गरी **एन. आर. एन. रेमिट प्रा. लि. (पान नं. ३०२९७८७७९) (दर्ता नं. ४४९७०/०६३/०६४** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।



### रिफाईन्ड पेपर प्रोडक्सनको प्रारम्भिक वातावविणीय परीक्षणको सार्वजनिक सुनुवाईको सूचना

**प्रथम पटक प्रकाशित मिती : २०८३/०२/१५**

बागमती प्रदेश, धादिङ जिल्ला, थाक्रे गाँउपालीका वडा नं. ०७, महतडाँडामा रिफाईन्ड पेपर प्रोडक्सन प्रा.लि. द्वारा प्रस्ताव गरेको रिफाईन्ड पेपर प्रोडक्सन उद्योगको निर्माण तथा सञ्चालनको लागि बागमती प्रदेश वातावरण संरक्षण ऐन २०७७ (संसोधन २०७९) को प्रावधान अनुसार प्रारम्भिक वातावरणीय परीक्षण गर्ने क्रममा उक्त ऐन को दफा ३ को उपदफा (४) को प्रावधानमा व्यवस्था भए बमोजिम सार्वजनिक सुनुवाईको लागि यो सूचना प्रकाशित गरिएको हो । उक्त आयोजनाको (निर्माण तथा सञ्चालन) प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्दै गर्दा प्रतिवेदन स्वीकृतिको क्रममा वातावरणीय सवालबारे सुझाव सङ्कलन गर्नुपर्ने भएकाले स्थानीय समुदाय तथा सरोकारवालाहरु र प्रस्तावकको प्रतिनिधी बीच सार्वजनिक सुनुवाई निम्न मिती, समय र स्थानमा हुने भएकोले सम्बन्धित सबै सरोकारवाला महानुभावहरुको सक्रिय सहभागिताको लागि अनुरोध गरिन्छ ।

**सार्वजनिक सुनवाई हुने मिती, समय र स्थान**

मिती: २०८३/०२/२५ गते, सोमबार, समय: दिउँसो १२:३० बजे
स्थान: रिफाईन्ड पेपर प्रोडक्सनको प्रस्तावित आयोजना स्थल, थाक्रे गा.पा.-७, महतडाँडा, धादिङ आयोजक: रिफाईन्ड पेपर प्रोडक्सन प्रा.लि.


## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

**शुक्रबार, १५ जेठ, २०८३**

| | |
|---|---|
| **मेष** | नयाँ कामको अवसर मिल्न सक्छ । परिवारसँग रमाइलो समय बित्नेछ । |
| **वृष** | कार्य क्षेत्रमा प्रशंसा मिल्ने दिन छ । रोकिएका काम अघि बढ्नेछन् । |
| **मिथुन** | आज यात्रा वा नयाँ भेटघाटको सम्भावना छ । बोलीमा संयम राख्नु राम्रो । |
| **कर्कट** | मन अलि संवेदनशील बन्न सक्छ । आर्थिक पक्ष भने क्रमशः सुधार हुँदै जानेछ । |
| **सिंह** | नेतृत्व क्षमता देखाउने अवसर मिल्नेछ । सामाजिक क्षेत्रमा सम्मान बढ्नेछ । |
| **कन्या** | कामको चाप बढे पनि परिणाम राम्रो आउनेछ । आफन्तसँगको सम्बन्ध सुदृढ बन्नेछ । |
| **तुला** | नयाँ योजना सफल हुने संकेत छ । रमाइलो यात्राको योग छ । |
| **वृश्चिक** | विवादबाट टाढा रहनु राम्रो । मेहनत अनुसार उपलब्धि प्राप्त हुनेछ । |
| **धनु** | भाग्यले साथ दिने दिन छ । शिक्षाक्षेत्र तथा वैदेशिक काममा सफलता मिल्न सक्छ । |
| **मकर** | आर्थिक लाभको सम्भावना छ । पुराना समस्या समाधान हुन सक्छन् । |
| **कुम्भ** | आज सिर्जनात्मक काममा सफलता मिल्नेछ । साथीभाइसँग भेटघाट रमाइलो हुनेछ । |
| **मीन** | धार्मिक तथा सामाजिक कार्यमा रुचि बढ्नेछ । नयाँ अवसर प्राप्त हुन सक्छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** | |
| किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१५ जेठ, २०८३ (२९ मे २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १५२.८१ | १५३.४१ |
| युरो | १ को | १७७.८४ | १७८.५४ |
| पाउन्ड स्टिर्लङ | १ को | २०५.३२ | २०६.१२ |
| स्विस फ्रैन्क | १ को | १९४.३२ | १९५.०८ |
| अस्ट्रेलियन डलर | १ को | १०८.९७ | १०९.४० |
| क्यानाडियन डलर | १ को | ११०.४२ | ११०.८६ |
| सिङ्गापुर डलर | १ को | ११९.६० | १२०.०७ |
| जापानी येन | १० को | ९.५९ | ९.६२ |
| चिनियाँ युआन | १ को | २२.५३ | २२.६२ |
| साउदी अरब रियाल | १ को | ४०.७२ | ४०.८८ |
| कतारी रियाल | १ को | ४१.९४ | ४२.१० |
| थाई भाट | ख १ को | ४.६९ | ४.७० |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४१.६१ | ४१.७७ |
| मलेसियन रिङेट | १ को | ३८.५४ | ३८.६९ |
| दक्षिण कोरियन वन | १०० को | १०.२० | १०.२४ |
| स्विडिस क्रोनर | १ को | १६.४९ | १६.५५ |
| डेनिस क्रोनर | १ को | २३.८० | २३.८९ |
| हङकङ डलर | १ को | १९.५१ | १९.५८ |
| कुवेती दिनार | १ को | ४९८.२४ | ५००.२० |
| बहराइन दिनार | १ को | ४०५.३३ | ४०६.९२ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्याबीधक विनिमय दर बैंकको वेभसाइट www .nrb .org .np मा उपलब्ध हुनेछ ।

# सात हजार ४६२ बालबालिका सरकारको संरक्षणमा

**काठमाडौं–** चालु आर्थिक वर्षमा बालबालिका विरुद्धको हिंसा तथा जोखिममा परेका ५८८ जनाको उद्धार गरिएको छ । सरकारद्वारा सार्वजनिक गरिएको आर्थिक सर्वेक्षण २०८२/८३ अनुसार चालु आवको फागुनसम्ममा उद्धार गरिएका ५८८ जनासमेत गरी सरकारले सात हजार ४६२ बालबालिकालाई आवश्यक राहत, संरक्षण, मनोविमर्शलगायत सेवा उपलब्ध गराएको हो ।

आव २०८१/८२ मा हिंसा तथा जोखिममा परेका एक हजार ५५ बालबालिकाको तत्काल उद्धार गरिएको थियो । त्यसैगरी, सरकारले सडक बालबालिका मुक्त नेपाल बनाउने अभियानअनुसार २०७३ वैशाख २७ देखि २०८२ को फागुनसम्म दुई हजार ६५८ (बालक दुई हजार २५८ र बालिका ४००) सडक बालबालिकाको उद्धार गरी संरक्षण र व्यवस्थापन गरेको छ ।

बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति तथा कार्यान्वयन कार्ययोजना, २०८२ र बालबालिका उत्तरदायी बजेट सङ्केत कार्यविधि, २०८२ स्वीकृत गरी कार्यान्वयन गरेको छ । कानुनको विवादमा परेका एक हजार १७६ बालबालिका १० बालसुधार गृहमा रहेका छन् । चालु आवमा नुवाकोटस्थित केन्द्रीय कारागारमा १८ वर्ष माथिका बालकलाई व्यवस्थापन गर्नका लागि बालसुधारगृह सञ्चालनमा आएको छ ।

चालु आवमा हराएका पाँच हजार ३६१ बालबालिका (बालक एक हजार ३८८ र बालिका तीन हजार ९७३ को खोजतलास गरी सोमध्ये चार हजार ९२९ जना (बालक एक हजार २८९ र बालिका तीन हजार ६४०) बालबालिका फेला परी परिवारमा पुनर्मिलन भएका छन् ।

आव २०८१/८२ मा देशभर हराएका आठ हजार १८९ (बालक दुई हजार १७९ र बालिका छ हजार जना बालबालिकाको खोजतलास गरी सोमध्ये फेला परेका सात हजार ६०४ (बालक दुई हजार ३७ र बालिका पाँच हजार ५६७ परिवारमा पुनर्मिलन भएका थिए ।

आर्थिक वर्ष २०८१/८२ मा देशभर बेवारिसे अवस्थामा फेला परेका ४०९ बालबालिका (बालक २४६ र बालिका १६३) मध्ये २९८ बालबालिकाको परिवार खोजी गरी पारिवारिक पुनर्मिलन भएको छ । त्यसमध्ये १११ बालबालिकालाई पालनपोषण तथा संरक्षणका लागि बालगृह तथा अस्थायी संरक्षण सेवा केन्द्रको प्रबन्ध गरी पुनःस्थापना गरिएको छ ।

राष्ट्रिय बालअधिकार परिषद्को समन्वय, सहयोग र सहजीकरणमा हालसम्म ७५३ स्थानीय तहमध्ये ३९४ स्थानीय तहमा स्थानीय बालअधिकार समिति गठन तथा सञ्चालन भएका छन् । चार सय ९० स्थानीय तहमा बालकल्याण अधिकारी नियुक्त भएका छन् । तीन सय १० स्थानीय तहमा स्थानीय बालकोष स्थापना भएको र ४४२ स्थानीय तहले बाल अधिकार सम्मान, संरक्षण, सम्वर्द्धनसम्बन्धी एकीकृत कार्यविधि निर्माण गरी लागू गरेका छन् । *रासस*

# सम्पर्कविहीन श्रीमान् खोज्दै रुस पुगेकी श्रीमतीको पनि मृत्यु भएपछि...

■ हरिप्रसाद बास्तोला/गण्डकी



गरिबीबाट परिवारलाई उकास्ने सपना बोकेर विदेशिएका बर्दियाका ज्ञानबहादुर थापामगरको परिवार अहिले पीडामा डुबेको छ । कामका लागि रुस गएका ज्ञानबहादुर सम्पर्कविहीन भएपछि उनको खोजीमा त्यहाँ पुगेकी श्रीमती इन्दिरा थापामगरको पनि हृदयघातबाट उतै निधन भएपछि तीन सन्तानसहित आफन्तजनमा बज्रपात परको छ ।

बर्दियाको बाँसगढी नगरपालिका-४ स्थायी घर भएका ४३ वर्षीय ज्ञानबहादुर सुरुमा दुबई जाने तयारीमा रहे पनि एजेन्टसँगको भेटपछि रुस पुगेका थिए । रुसमा उनको युक्रेन युद्धसँग जोडिएका क्षेत्रमा पुगेको र मारिएको खबर पाउन श्रीमती इन्दिरा उतै पुग्नुपर्‍यो ।

श्रीमान्को अवस्था बुझ्न र परिवारको भविष्य जोगाउने आशामा ४० वर्षीय इन्दिरा तीन सन्तानलाई लिएर पोखराको बाटुलेचौरमा मजदुरी गरेर जीविकोपार्जन गर्दै आएकी थिइन् । लामो समयसम्म श्रीमान्को कुनै खबर नआएपछि हारगुहार गर्दै उनी रुस पुगेकी थिइन् ।

सम्पर्कविहीन श्रीमान्को निधन नै भएको थाहा पाएर सबै प्रक्रिया पूरा गरी नेपाल फर्कने तयारीमा रहेकै बेला इन्दिरालाई एक्कासी हृदयाघात भयो । रुसस्थित नेपालीहरूको सहयोगमा उनलाई ओएमं पिलाटाभका नाममा रहेको सिस्टी क्लिनिकल अस्पताल १५ नम्बरको २३ वेश्न्याका भस्काया स्ट्रिट, मस्कोमा उपचारका लागि लगिएको थियो ।

गत वैशाख ३१ गते उपचारकै क्रममा इन्दिराको निधन भयो । अहिलेसम्म पनि शव परीक्षण रिपोर्ट आउन सकेको छैन र आर्थिक अभावका कारण उनको शव नेपाल ल्याउनसमेत कठिनाइ भएको इन्दिराका बुवा चिरन कार्की बताउँछन् ।

छोरी फागुनको ४ गते श्रीमान्को खोजी गर्न रुसका लागि पोखराबाट काठमाडौंतर्फ लागेको उनेले बताए । इन्दिराका परिवार अहिले मामाघरमा सँगै बस्दै आएका छन् ।

इन्दिराका कान्छा छोरा आठ वर्षीय सौरव थापामगर कक्षा ३ मा पढ्छन् । मुटुमा समस्या भएका कारण सौरवको बेग्लै समस्या छ । नियमित उपचार आवश्यक भए पनि आर्थिक अभावले उपचार रोकिएको छ । आमाको निधन भएको थाहा नदिएइ पनि केही दिनयता नाती सौरव बाटोतर्फ हेर्ने, कम बोल्ने, मलिन र एकोहोरो स्वभावको बन्दै गएको सौरवका हजुरबुबा कार्की बताउँछन् ।

पोखरा महानगरपालिका वडा नं १३ कसेरीस्थित मामाघरमा आश्रय लिएर बसिरेहका सौरवले भने, 'आमा आउँदा साइकल ल्याइदिन्छु भन्नुभएको छ ।' ठूलो छोरा निरज थापामगरले भने घर राम्रोसँग हेर्नु र भाइबहिनीको ख्याल गर्नु भनेर आमाले सम्झाएर जानु भएको थियो आज यस्तो अवस्था आयो । 'बुवाको निधनको पुष्टि भएपछि कुशको शव वनाएर दाहसंस्कार गर्‍यौं,' भावविह्वल हुँदै २४ वर्षीय निरजले भने, 'बुबाको किरिया गरेको एक वर्ष नपुग्दै आमाको पनि निधन भयो अब के गर्ने ?'

थापामगर परिवारको यो समस्या केवल एउटा परिवारको पीडा मात्र होइन, जोखिमपूर्ण वैदेशिक रोजगारीको कठोर यथार्थ पनि हो । गरिबी, बेरोजगारी र दलालको जालोले नेपाली युवालाई युद्धग्रस्त भूमिसम्म धकेलिरहेको छ । त्यसको सबैभन्दा ठूलो मूल्य निर्दोष बालबालिकाले चुकाइरहेको छन् । यो परिवारमा भविष्यको भन्दा पनि शव ल्याउने समस्यासमेत जटिल बनेको छ । पोखरा महानगरपालिका-१७ आँखा अस्पतालचोक निवासी इन्दिराकी माइतीतर्फ कान्छीआमा दिलमाया कार्कीका अनुसार एक साताअघि मात्रै इन्दिरासँग फोन सम्पर्क भएको थियो ।

'एउटै समस्या भएका हामी १२ जना नेपाली महिला एउटै कोठामा बसेका थियौं, धेरै जना काम सकेर फर्किनुभयो कोठामा कसैले कसैलाई सहयोग गर्न गर्दैनन् । घर फर्किन पाए परिवारलाई भेट्थेजस्तो लागिरहेको छ', इन्दिराले सुनाएको पीडा दिलमायाले सम्झिइन् । विमानस्थलमा अलपत्र परेकी इन्दिरालाई एक जनाले भेटेर हिन्दी भाषामा समस्या सुनाएपछि नेपालीले सहयोग गरेका थिए ।

इन्दिराको सहयोगी बनेर रुस पुगेका माइततर्फ काकाको छोरा भाइ सुरज कार्कीलाई सहयोगीका रूपमा लिएर रुसको मस्को विमानस्थलमा झर्नेवित्तिकै सुरक्षाकर्मीले सोधपुछ गरी छिनमै नेपाल फर्काइदियो । 'भाइको कपडा मेरो झोलामा थियो र सम्पूर्ण रकम भाइसँग थियो बोल्न पनि नपाएपछि बेखर्ची भएर विमानस्थलमै अलपत्र परे,' छोरीले दिलमायाले भक्कानिँदै आँखाभरी आँसु पार्दै भनिन् । अब बितेका दुवै जानको क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारले रुसी सरकारसँग पहल गर्नुपर्नेमा उहाँको जोड थियो । *रासस*

# कांग्रेसले संसद्मा पार्टीको भूमिका थप प्रभावकारी बनाउने



**काठमाडौं–** नेपाली कांग्रेसले सङ्घीय संसद्मा पार्टीको भूमिका थप प्रभावकारी बनाउने भएको छ । पार्टीको बिहीबार बसेको संसदीय दलको बैठकमा संसद्मा पार्टीको भूमिका थप प्रभावकारी रूपमा अघि बढाउने र बजेटका सम्बन्धमा आवश्यक छलफल भएको थियो ।

बैठकको निर्णय बारे जानकारी दिँदै कांग्रेस प्रमुख सचेतक वासना थापाले शुक्रबार प्रस्तुत हुने आगामी आर्थिक वर्षको बजेट र संसदीय दलको कार्यसमितिका बारेमा छलफल भएको बताइन् । 'मुख्य गरी संसद्मा आगामी रणनीतिको सम्बन्धमा र भोलि प्रस्तुत हुने बजेटका सम्बन्धमा छलफल गर्‍यौं, साथै हाम्रो संसदीय दलको कार्यसमितिमा केही पदहरू रिक्त थियो । त्यसलाई पूर्णता दिने विषयमा छलफल भयो,' थापाले भनिन् ।

बैठकमा संसद्का विषयगत समितिको सम्बन्धमा अध्ययन गर्नका लागि पार्टीका तर्फबाट संयोजक तोक्नेलगायत विषयमा छलफल भएको उनले बताइन् ।

# मत्स्यनारायणमा मेला भर्नेको घुइँचो



**कीर्तिपुर–** यही जेठ ३ गतेदेखि चन्द्रगिरि नगरपालिका-९ मत्स्यनारायण मन्दिरमा मेला लागेको छ । यो वर्ष अधिकमास (पुरुषोत्तम महिना) परेकाले मन्दिर परिसरमा लाग्ने मेलामा घुइँचो बढेको हो । मन्दिरमा नारायणको दर्शन २० मिनेटभित्र गर्न सकिने व्यवस्था गरिएको मेला व्यवस्थापन समितिले जनाएको छ ।

बिहीबार पत्रकार सम्मेलनमा चन्द्रगिरि नगरपालिकाका प्रमुख घनश्याम गिरीले उपत्यकाका विभिन्न स्थानबाट मन्दिर पुग्ने पहुँच मार्गको स्तरोन्नति, दर्शनार्थीको लाइन व्यवस्थापन र सुरक्षा प्रबन्ध व्यवस्थित र प्रभावकारी बनाइएको बताए । 'साथमा मन्दिर परिसरको भौतिक सुधार, मेला र मन्दिरका थप पक्ष उजागर गर्न अध्ययन अनुसन्धान र राष्ट्रिय अन्तरराष्ट्रियस्तरमा प्रचारप्रसारका लागि गुरुयोजना अघि बढाएका छौं', गिरीले भने ।

चन्द्रगिरि-९ का वडाध्यक्ष अच्युत अधिकारीले मन्दिर परिसर र वरपरका पुरातात्विक संरचनामा रहेका कङ्क्रिट संरचना क्रमशः हटाउँदै मौलिकपन कायम गरिने जानकारी दिए । उनका अनुसार मेला अवधिभर दर्शनार्थी व्यवस्थापन, खानेपानी, सरसफाइ र स्वास्थ्य व्यवस्थापनका लागि एक दर्जन सामाजिक संस्था क्रियाशील छन् ।

'मन्दिरमा पुरुषोत्तम मेला लागिरहेको छ । पुरुषोत्तम मास माहात्म्यका अनुसार सृष्टिको सुरुमा अपहेलित यो मासले भगवान् पुरुषोत्तम (नारायण) को तपस्या गर्‍यो । त्यसपछि नारायणले उक्त मासको स्वामित्व लिनुभएको भन्ने जनविश्वाससहित यस मासलाई पुरुषोत्तम महिना भनिएको हो', मन्दिरका पुजारी सुदामाप्रसाद आचार्यले भने ।

उनका अनुसार अन्य कुनै पनि तिथि अनुसारका श्राद्ध, यज्ञ तथा पूजा आदि नैमित्तिक एवं काम्य कर्म नहुने यो महिनामा मत्स्य तीर्थ मानिने मत्स्यनारायणको मन्दिरमा पुगी स्नानसहित दर्शन र पूजाअर्चना गरेमा सयौं अश्वमेघ यज्ञ गरे बराबरको फल प्राप्त हुन्छ ।

लिच्छविकालीन वास्तुकला र शिल्पमा आधारित मत्स्यनारायण मन्दिर र त्यहाँका देवालयहरू उपत्यकाका प्राचीन सम्पदामध्यको एक मानिन्छ । परिसरलाईअतिक्रमणबाटजोगाउन नगरपालिकाले पहल गरिरहेको नगरप्रमुख गिरीले जानकारी दिए । *रासस*


## कतारमा रोजगार

कम्पनी : UNIQUE MULTIPURPOSE ENTERPRISE WLL

पूर्व स्वीकृति मिति : २०८२/०९/२४ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/१४ | LT. No. 336774 | चलानी नं. ६०२५०३४८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Carpenter | 2 | 0 | 1200 | ५०,५६७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | General Pipe Fitter | 1 | 0 | 1200 | ५०,५६७ | | | | | | | |
| 3. | Office Cleaner | 4 | 3 | 1000 | ४२,१३९ | | | | | | | |
| 4. | Plumber General | 2 | 0 | 1200 | ५०,५६७ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ २२ गते (5th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Munal Overseas Pvt. Ltd.

श्रम ईजाजत नं. ४६५/०६०/०६१

Kalamatidole, Airport, Ktm, Nepal. Tel.: +977-01-4561297, 4562046, 9806758605

## साउदीमा रोजगार

कम्पनी : MAHARAH HUMANRESOURCES COMPANY

पूर्व स्वीकृति मिति : २०८२/११/१७ | पुन विज्ञापन | LT. No. 339742 | चलानी नं. ६०२५३१९७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LOADING UNLOADING LABOR | 20 | 0 | 1000 | ४०,८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ २२ गते (5th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

YOUNG MANPOWER PVT.LTD. (PUJAN H. R. SERVICE)

Govt. License No. 1047/073/74

Gaushala-9, Kathmandu, Nepal, Tel: +977-1-4583814, 4583815 , 4583816, +9779801309349 Deeya Sadashankar

E-mail : youngmanpower123@gmail.com, Web: https://www.youngmanpower.com.np

## मलेसियामा रोजगार

कम्पनी : Premier Forefront Sdn Bhd

पूर्व स्वीकृति मिति : २०८२/०२/१३ | LT. No. 342780 | चलानी नं. ६०२५६०८९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Operator Machine | 10 | 0 | 1700 | ६५,६१४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ २२ गते (5th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CHANDANI RECRUITMENT SERVICE CENTER PVT LTD

1610/079/80

Bansidhara Marga, Chandol-4,Kathmandu,Nepal, Tel: +977-5914697, 5914698, Manohari Adhikari 9851327379

Email : chandanirecruitment@gmail.com, Web: chandanirecruitment.com.np

## युएइमा रोजगार

कम्पनी : Sinopec Engineering- Abu Dhabi

पूर्व स्वीकृति मिति : २०८३/०२/१४ | LT. No. 342785 | चलानी नं. ६०२५६०९४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor | 150 | 0 | 1200 | ५०,१६२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Scaffolder | 50 | 0 | 1600 | ६६,८८२ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ २२ र २३ गते ( 5 & 6th and 8th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

STUPA OVERSEAS SERVICES PVT. LTD.

New Baneshwor-34, Kathmandu, Nepal. Tel: 01- 4784389, 4783086

(Jhal Nath Chamlagain 9707570238) E-mail: Info@stupaoverseas.com, URL: www.stupaoverseas.com

श्रम ईजाजत नं. ७०२/०६३/०६४

## म्याग्दी हाइड्रोपावर लिमिटेड

### विशेष साधारणसभा सम्बन्धी सूचना

(दोस्रो पटक प्रकाशित मिति २०८३/०२/१५)

**शेयरधनी महानुभावहरू,**

मिति २०८३/०२/१३ गते बुधबार बिहान ११:०० बजे बसेको सञ्चालक समितिको ६३औं बैठकको निर्णय बमोजिम यस कम्पनीको विशेष साधारणसभा निम्न मिति, समय र स्थानमा निम्न लिखित विषयमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा उक्त विशेष साधारण सभामा सहभागिताको लागि शेयरधनी स्वयं उपस्थित हुन वा रीतपूर्वक प्रतिनिधी मुकरर गरी पठाई दिनु हुन कम्पनी ऐन, २०६३ को दफा ६७ को (२) को प्रयोजनको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**विशेष साधारण सभा हुने मिति, समय र स्थान**

मितिः २०८३/०२/२९ गते, शुक्रबार अर्थात जुन १२, २०२६ ।

समयः ११:०० बजे, बिहान ।

स्थानः महाराजा रिसोर्ट, बुटवल उप म.न.पा.- ११ कालिका नगर, रूपन्देही ।

**छलफलका विषयहरू:**

**विशेष प्रस्ताव**

१. कम्पनीको अधिकृत र जारी पूँजी बृद्धि गर्ने र कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सम्बन्धमा ।
२. सर्वसाधारणमा जारी गरिने शेयरलाई संशोधन गरी प्राथमिक सार्वजनिक निष्काशनको प्रक्रियालाई निरन्तरता दिने सम्बन्धमा ।
३. प्राथमिक सार्वजनिक निष्काशनबाट प्राप्त रकमको उपयोग सम्बन्धमा ।
४. कम्पनीको प्रबन्ध पत्र तथा नियमावलीमा गरिएको संशोधन सम्बन्धमा नियामक निकायबाट कुनै संशोधन, फेरबदल वा परिमार्जन गर्न निर्देशन भएमा सोही बमोजिम गर्न गराउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।
५. कर्जा स्वाप गर्ने सम्बन्धमा ।
६. विविध ।

**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

## ओमन/कुवेतमा रोजगार

कम्पनी : AL-THABAT HOLDING LLC

पूर्व स्वीकृति मिति : २०८२/०१/२२ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/१४ | LT. No. 323044 | चलानी नं. ६०२३६९८५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Brick Mason | 34 | 0 | 120 | ५९,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Building Painters | 13 | 0 | 120 | ५९,४६० | | | | | | | |
| 3 | Cleaner General | 3 | 0 | 100 | ४९,५५० | | | | | | | |
| 4 | Construction Carpenter General | 20 | 0 | 120 | ५९,४६० | | | | | | | |
| 5 | Mason General | 30 | 0 | 120 | ५९,४६० | | | | | | | |
| 6 | Reinforcement Fitter | 20 | 0 | 120 | ५९,४६० | | | | | | | |

कम्पनी : AL-THABAT HOLDING LLC

पूर्व स्वीकृति मिति : २०८२/०८/१५ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/१४ | LT. No. 334302 | चलानी नं. ६०२४८११८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 0 | 5 | 120 | ५९,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ २२ गते (5th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Jasmine Overseas Pvt. Ltd.

श्रम ईजाजत नं.८७४/०६६/०६७

Basundhara, Dhapasi Chauki, Kathmandu,Nepal, Tel : +977-1-4365056, 4387950, 4389279

प्रभाव दैनिक
National Daily

गणतन्त्र दिवस-२०८३ विशेष

## सम्पादकीय

### गणतन्त्र दिवसः अवस्था रूपान्तरणतर्फको यात्रामा बढौं

आज गणतन्त्र दिवस । मुलुकमा लोकतान्त्रिक गणतन्त्र स्थापना भएको ऐतिहासिक दिनको स्मरण गर्दै हरेक वर्ष आजकै दिन गणतन्त्र दिवस मनाइँदै आएको छ । यो दिवस केवल एक औपचारिक उत्सवमात्र होइनह यो नेपाली जनताको लामो संघर्ष, बलिदान र परिवर्तनप्रतिको अदम्य चाहनाको जीवन्त दस्तावेज हो । झण्डै २५० वर्ष लामो निरंकुश र केन्द्रीकृत राजतन्त्रात्मक प्रणालीलाई बिदाइ गरेर मुलुकले अंगीकार गरेको यस व्यवस्थाको मूल मर्म नै 'जनता नै राज्यको शक्तिका वास्तविक स्रोत हुन' भन्ने हो । आजको दिनमा गणतन्त्र दिवस मनाइरहँदा, यस व्यवस्थाले सुदूर गाउँका नागरिकलाई दिएको अधिकार र अब तय गर्नुपर्ने समृद्धिको यात्राबारे गम्भीर आत्मसमीक्षा गर्नु यसको वास्तविक सान्दर्भिकता हो ।

राज्यको शासकीय स्वरूपमा आएको अभूतपूर्व समावेशिता र विकेन्द्रीकरण गणतन्त्रको सबैभन्दा ठूलो उपलब्धि हो । विगतमा राज्यको केन्द्र र सीमित कुलीन वर्गमामात्रै खुम्चिएको शक्ति र स्रोत अहिले स्थानीय तह र प्रदेश सरकारमार्फत नागरिकको घरदैलोसम्म पुगेको छ । हिजो सिंहदरबारको निर्णय पर्खनुपर्ने गाउँहरू आज आफैं आफ्नो भाग्य विधाता बनेका छन् । महिला, दलित, आदिवासी जनजाति, मधेसी र पिछडिएका ग्रामीण समुदायको राज्यका नीति निर्माण गर्ने तहमा भएको सम्मानजनक प्रतिनिधित्व गणतन्त्रकै उपज हो । सामान्य नागरिकका छोराछोरी मुलुकको सर्वोच्च पद 'राष्ट्राध्यक्ष' बन्न सक्ने परिस्थिति निर्माण हुनु आफैंमा एउटा सुन्दर लोकतान्त्रिक रूपान्तरण हो ।

गणतन्त्र स्थापनापछि पूर्वाधार विकास, स्वास्थ्य, शिक्षा, सामाजिकलगायत विविध क्षेत्रको रूपान्तरणमा आशालाग्दा कामहरू भएका छन् । तर, आज पनि जनतामा निराशा र असन्तुष्टि व्याप्त छ । राजनीतिक व्यवस्था बदलिए पनि आमनागरिकको आर्थिक र सामाजिक अवस्थामा अपेक्षित सुधार आउन नसकेको गुनासो चौतर्फी सुनिन्छ । जनअपेक्षा अनुसार सुशासन कायम हुन नसक्नु, भ्रष्टाचारजन्य गतिविधि नियन्त्रण नहुनु र सुस्त सेवा प्रवाहका कारण नागरिकमा निराशा थपिएको छ । यसैको परिणाम हो, भदौ २३ को जेन–जी विद्रोह । युवाहरूमा बढ्दो चरम निराशाको विष्फोट थियो उक्त विद्रोह ।

जेन–जी विद्रोहपछि बनेको वर्तमान सरकारसँग युवाहरूसँगै आमनागरिकले ठूलो आशा राखेका छन् । विशेषगरी सुशासन, भ्रष्टाचार नियन्त्रण र राजनीतिक स्थायित्व अहिलेको आम अपेक्षा हो । ऊर्जावान् युवा जनशक्ति विदेश पलायन हुने क्रम दिनानु दिन बढिरहेको सन्दर्भमा यसलाई रोक्ने कार्यक्रम अहिलेको माग हो । त्यसो त झण्डै दुईतिहाइ बहुमत प्राप्त राष्ट्रिय स्वतन्त्र पार्टीको प्रमुख नारामै समेटिएको 'स्वदेशमै रोजगारी' लाई वालेन्द्र शाह नेतृत्वको सरकारले आजै सार्वजनिक हुने बजेटमा कसरी समेट्छ भन्ने प्रतीक्षाको विषय बनेको छ ।

जटिल मोडमा गणतन्त्रलाई दुईतिहाइ बहुमत नजिकको सरकारले सही ट्र्याकमा अगाडि लैजाने आशा पलाएको छ । तर, सरकारको एकल प्रयासलेमात्र यो सम्भव छैन । राजनीतिक दलहरूले अब दलीय र व्यक्तिगत स्वार्थभन्दा माथि उठेर राष्ट्रिय हितलाई सर्वोपरी राख्नुपर्छ । व्यवस्था आफैंमा साध्य होइन, यो त जनताको जीवनस्तर सुधार्ने एउटा उन्नत साधनमात्र हो । हतारमा लोकप्रिय देखिने सस्तो नाराबाजी भन्दा पनि दीर्घकालीन र परिणाममुखी आर्थिक योजनाहरू कार्यान्वयन गर्नु आजको आवश्यकता हो ।

संविधानको प्रभावकारी कार्यान्वयन, सुशासनको प्रत्याभूति र पारदर्शी कार्यशैलीबाट मात्रै गणतन्त्रको जग बलियो हुन्छ । तसर्थ, गणतन्त्र दिवसको मूल सान्दर्भिकतालाई केवल विगतको गौरवगाथा गाउनुमा मात्र सीमित नगरौं । वर्तमानका चुनौतीहरूलाई चिर्दै नागरिकको दैनिक जीवनमा प्रत्यक्ष र सकारात्मक परिवर्तन ल्याउने साझा संकल्प गरौं । गणतन्त्र दिवसको हार्दिक शुभकामना !!

## 'संघीयता क्रमशः व्यवस्थित हुँदै गएको छ'



■ चेतनारायण आचार्य
मुख्यमन्त्री, लुम्बिनी प्रदेश

खासमा गणतन्त्र कुनै राजनीतिक दललेमात्रै ल्याएको व्यवस्था होइन । यो जनताको बलिदानी, संघर्ष र त्यागबाट स्थापित भएको व्यवस्था हो । त्यसैले यसको केन्द्रमा जनता नै छन् । गणतन्त्रको सबैभन्दा ठूलो उपलब्धि भनेकै जनतालाई राज्यको मालिक बनाउनु हो । १८ वर्षअघि राज्य संरचना अत्यन्त केन्द्रीकृत थियो । विकास, अवसर, पहुँच र निर्णय प्रक्रिया सीमित ठाउँमा केन्द्रित थियो । अहिले त्यो अवस्था बदलिएको छ ।

संघीयता लागू भएपछि विकास र अधिकार गाउँगाउँसम्म पुगेको छ । स्थानीय तह र प्रदेश सरकारमार्फत नागरिकले राज्यलाई नजिकबाट अनुभूति गर्न थालेका छन् । हामीले गणतन्त्रको मूल्यांकन गर्दा भावनात्मक ढंगलेमात्रै होइन, वस्तुगतरूपमा हेर्नुपर्छ । १८ वर्षअघि स्वास्थ्य, शिक्षा, सडक, सञ्चार, सामाजिक अधिकार र समावेशिताको अवस्था के थियो ? अहिले कहाँ पुगेका छौं ? त्यसको तुलना गर्नुपर्छ । त्यसपछि मात्रै वास्तविक निष्कर्षमा पुग्न सकिन्छ ।

व्यवस्था परिवर्तन भयो तर जनताको अवस्था परिवर्तन हुन सकेन भन्ने आलोचना सुनिन्छ । संघीयतामाथि नै प्रश्न उठिरहेका छन् । यो विषयलाई एकदमै गम्भीररूपमा लिनुपर्छ । जनताका अपेक्षा स्वाभाविकरूपमा बढेका छन् । राजनीतिक परिवर्तनपछि नागरिकले छिटो सेवा, रोजगारी, विकास र सुशासन खोजेका छन् । केही क्षेत्रमा अपेक्षाअनुसार परिणाम आउन ढिलाइ भएको हुनसक्छ तर परिवर्तन हुँदै नभएको भन्ने कुरा यथार्थ होइन । पहिलाको अवस्थासँग अहिलेको अवस्थालाई तुलना गर्नुपर्छ । आधारभूत वर्गका नागरिकको अधिकारमा पहुँच बढेको छ । सामाजिक न्यायको दायरा फराकिलो भएको छ । महिलाहरू, दलित, जनजाति, पिछडिएका वर्ग र ग्रामीण समुदायको सहभागिता राज्य संरचनामा बढेको छ । संघीयता नयाँ अभ्यास भएकाले सुरुआती चरणमा केही संरचनागत चुनौती आउनु स्वाभाविक हो । कानुन निर्माण, कर्मचारी व्यवस्थापन, स्रोत साधनको बाँडफाँट र कार्यक्षेत्र स्पष्ट गर्ने काममा समय लाग्यो । तर अब संघीय शासन प्रणाली क्रमशः व्यवस्थित हुँदै गएको छ ।

प्रदेश सरकार नितान्त नयाँ तह हो । तर छोटो अवधिमै महत्त्वपूर्ण आधार तयार भएको छ । प्रदेशले स्वास्थ्य, शिक्षा, कृषि, पूर्वाधार, खानेपानी, सामाजिक विकास र रोजगारीका क्षेत्रमा प्रत्यक्ष काम गरिरहेको छ । संविधानले संघीयताको मर्मअनुसार अधिकार बाँडफाँट गरेको छ । ती अधिकारलाई व्यवहारमा कार्यान्वयन गर्न विभिन्न कानुन, नीति तथा कार्यक्रम ल्याइएका छन् ।

विशेषगरी स्वास्थ्य क्षेत्रमा प्रदेश अस्पतालहरूको स्तरोन्नति, शिक्षा क्षेत्रमा संरचनागत सुधार, कृषि उत्पादन वृद्धि, सिँचाइ विस्तार र सडक पूर्वाधार विकासमा काम भइरहेको छ । सामाजिक सुरक्षाका कार्यक्रमलाई पनि प्रभावकारी बनाउने प्रयास गरेका छौं । हाम्रो ध्यान परिणाम दिने योजनामा केन्द्रित छ । प्रदेश सरकारको औचित्य नागरिकको घरदैलोमा सेवा पुग्नु हो । चालु खर्च घटाएर पुँजीगत खर्च बढाउने नीति लिएका छौं । मन्त्रालयको संख्या घटाएर सरकारलाई थप चुस्त बनाउने तयारी पनि भइरहेको छ । प्रदेश सरकार खर्चालु छैन । भ्रमहरू छर्ने कोसिस भएको छ । प्रदेशको औचित्य त्यसले गर्ने कामबाटै पुष्टि हुने भएकाले यसमा हाम्रो प्राथमिकता छ ।

हाम्रो मुख्य संकल्प भनेको नागरिकमा विश्वास र भरोसाको वातावरण निर्माण गर्नु हो । जनताले राज्यप्रति अपनत्व अनुभूति गर्नुपर्छ । हतारमा लोकप्रिय देखिने कामभन्दा योजनाबद्ध र दीर्घकालीन परिणाम दिने काम आवश्यक छ । सुशासन, विकास र जनविश्वासलाई केन्द्रमा राखेर प्रदेश सरकार अघि बढिरहेको छ । गणतन्त्रको वास्तविक सफलता अन्ततः जनताको जीवनस्तर सुधारसँग जोडिन्छ । त्यसैले नागरिकको दैनिक जीवनमा सकारात्मक परिवर्तन ल्याउने गरी काम गर्नु नै अहिलेको सबैभन्दा ठूलो दायित्व हो ।

*(राससले गरेको कुराकानीमा आधारित)*

## 'समतामूलक समृद्ध राज्य निर्माण गणतन्त्रको मूल मर्म'



■ प्रकाशचन्द्र परियार
सांसद एवं सचेतक, रास्वपा

लोकतान्त्रिक गणतन्त्रको जग १०४ वर्षे जहानियाँ राणा शासनको अन्त्यसँगै खडा भएको थियो भन्ने मलाई लाग्दछ । नेपाल र नेपालीलाई प्रजातान्त्रिक पद्धतिबाट खुला समाजमा डोऱ्याउनका लागि २००७ सालको क्रान्तिको नेतृत्व कांग्रेस पार्टीका संस्थापक बिपी कोइरालाले गर्नुभएको थियो । त्यतिबेला नै संविधान सभाद्वारा नेपाली जनताले आफ्नो लागि आफूले चुनेर पठाएका प्रतिनिधिहरूद्वारा संविधान लेख्न पाउनुपर्ने विषय उठाएका थिए । कालान्तरमा यसलाई तत्कालीन राजा र दरबारले असफल बनायो ।

लामो समयदेखि राजतन्त्रको निरंकुश शासनले राज्यसत्ता नै एक प्रकारले कुण्ठित भइरहेको थियो । राजाको नेतृत्वको सो शासनले त्यतिबेलैदेखि जनताको अधिकार र मेरिटोक्रेसीलाई कहिल्यै पनि फैलन दिएन । जसले गर्दा नेपाली समाज र जनता नै एक प्रकारको उकुसमुकसमा रहेका थिए । लोकतान्त्रिक गणतन्त्रमा मात्रै त्यस्तो व्यवस्था हो, जहाँ सामान्य जनताको छोराछोरी पनि 'हेड अफ द स्टेट' हुन सक्ने सम्भावनाको ढोका खोलेको हुन्छ । कुनै पनि जाति, कुल घरानाको व्यक्तिमात्रै हेड अफ दि स्टेट राज्य प्रमुख हुने चलनको अन्त्य भएको छ । चरम विभेद, अत्याचार, शोषणले आत्तिएका नेपाली जनताले आफैंले आफ्नो शासन प्रक्रिया र पद्धति रोज्न आवश्यक ठाने । फलस्वरूप गणतन्त्रको उदय भएको हो । त्यही गणतान्त्रिक शासन व्यवस्था र स्वरूपले नै अहिले देशमा जातीयलगायतका जनताका अन्य अधिकारहरू पनि प्रदान गरिरहेको छ । शासन प्रणालीहरूमध्ये लोकतान्त्रिक गणतन्त्र नै आजसम्मको सबैभन्दा अनुपम व्यवस्था हो ।

लोकतन्त्र र गणतन्त्रले जनता नै जनताको शासक बन्ने सुनौलो अवसर खोलेको हो । नेपालजस्तो बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र विविधिताले भरिएको देशमा जनताले आफ्नो रुङअनुसारको मुलुक बनाउने अधिकार पाए । जसको प्रतिफलस्वरूप सर्वसाधारणबाट मधेसका छोरा रामवरण यादव पहिलो राष्ट्रपति बन्ने अवसर पाउनुभयो । भोजपुरकी विद्यादेवी भण्डारी नेपालको दोस्रो र पहिलो महिला राष्ट्रपति हुनुभयो । अहिले पनि जनताकै छोरा, तनहुँका रामचन्द्र पौडेल राष्ट्रपति हुनुहुन्छ । यो सबै अवसरहरू लोकतन्त्र र गणतान्त्रिक शासन व्यवस्थाले खोलेको हो । यो सकारात्मक पक्ष हो र राज्यसत्ताको अधिकार जनताको हातमा छ भनेको पनि यही नै हो । अनि लोकतन्त्रको सुन्दर पक्ष पनि यही हो ।

गणतन्त्र आएपछि नेपाली जनताले केही पनि गुमाएका छैनन् । बरु धेरै कुरा प्राप्त गरेका छन् भन्दा फरक पर्दैन । सबैभन्दा महत्त्वपूर्ण कुरा त गणतन्त्रले समतामूलक समृद्धिको राजमार्ग कोरिदिएको छ । कुनै पनि जातीय, समुदाय, वर्ग, लिंगका व्यक्ति अथवा धर्म, साम्प्रदायिक र समुदायका व्यक्तिहरूलाई राष्ट्रप्रतिको अपनत्व भाव जागृत गराएको छ । कुनै पनि विशेष जाति धर्म, कुनै भाषा, समुदाय कुनै संस्कृति या निश्चित कुल घरानाका नागरिकले मात्र समृद्धिको यात्रा गर्न सक्छन् भन्ने नकारात्मक सोच र प्रवृत्तिलाई नेपालको गणतान्त्रिक यात्राले परास्त गरिदिएको अवस्था छ । त्यस्तो सोच, व्यवहार र प्रवृत्ति गलत हो भनेर नै हामीले आवाज उठाएका हौं र संघर्षमा हामी नै होमिएका हौं । राज्यका सबै तथा आम नागरिक नै देशका भाग्य र भविष्यका विधाता हुन् र उनीहरूको हातमा नै देशको राज्यशक्ति र सत्ता निहीत छ र हुन्छ भन्ने तथ्य पनि यो अभियानले प्रमाणित गरेको छ । यो पनि गणतन्त्रको एक उपलब्धि हो । त्यसैले समतामूलक समावेशी राज्य संरचनामा जोड दिनु नै गणतान्त्रिक राज्य व्यवस्थाको सबल पक्ष हो । गणतन्त्रको मूल मर्म र धर्म पनि यही नै हो ।

गणतन्त्र साध्य होइन साधन हो । यो व्यवस्थालाई कसरी बुझ्ने भन्ने कुरा व्यक्ति व्यक्तित्वको दृष्टिकोणमा भर पर्छ । तर, शासन प्रणालीहरूमध्ये नै लोकतन्त्रको ठूलो महत्त्व हुन्छ । कानुनको शासन, विधिको, शासन र समान न्यायिक व्यवस्थालाई विश्वास गर्ने शासन व्यवस्थता गणतन्त्र नै हो । यसमा पनि लोकतान्त्रिक गणतन्त्र अझै विशिष्ट स्वरूप हो । यति गर्भिलो मर्म बोकेको लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई हामीले जनताको घरघरमा युवा पुस्तामा र आउने पुस्तामासमेत बुझाउन आवश्यक छ । गणतन्त्रको मूल्य मान्यतालाई पाठ्यक्रम, चलचित्र, साहित्य, गीत संगीत र संस्कारमा झल्काउने खालका क्रियाकलाप गर्न जरुरी छ । त्यसैले मलाई लाग्छ गणतन्त्रको विकल्पको कुरा गर्ने हो भने त्यसको विकल्प पनि गणतन्त्र नै हो ।

*(राससले गरेको कुराकानीमा आधारित)*

## 'देश बनाउन युवाहरूमा आशा र विश्वास जगाउनुपर्छ'



■ पद्मा अर्याल
उपनेता, नेकपा एमाले संसदीय दल

गणतन्त्र लामो संघर्ष र बलिदानीबाट प्राप्त गरेको छ । यो इतिहासको आवश्यकता हो । लामो सयमदेखि नेपाली समाज विभेद, अन्याय, अवसरबाट वञ्चित भएर बस्यो । राज्यको अवसर प्राप्त गर्न नेपाली जनतालाई कठिन भयो । समान अवसर प्राप्त गर्न, समाजको विभेद उत्पीडन अन्त्य गर्न, लोकतन्त्रमा मानिसको वैयक्तिक स्वतन्त्रतासँग जोडेर, समाजको सबै खालको विभेद अन्त्य गर्न, समावेशिता र लोकतन्त्रतालाई संस्थागत गर्ने उद्देश्यका साथ मुलुकमा गणतन्त्रको आवश्यकता महसुस भयो । त्यहीअनुसार तिनै असमानताको जगबाट आन्दोलन सुरु भएर गणतन्त्र स्थापना भएको छ । गणतन्त्र कुनै सत्ताको परिवर्तन होइन, जनताको अधिकार र विकासलाई स्थापित गर्ने एउटा शासन प्रणाली हो । त्यो आज प्राप्त भएको छ ।

गणतन्त्र स्थापना गर्न जनता लडेका थिए । त्यो बेलाको अवस्था र अहिलेको अवस्थामा धेरै अन्तर छ । आज मुलुकको लोकतन्त्र स्थापना भएको छ । जनताले निर्धक्क तरिकाले आफ्ना कुराहरू राख्न पाएका छन् । आफ्ना अधिकारहरू संविधानमा लेखेका छन् । सामानुपातिक सहभागिता र समावेशिताको सिद्धान्त संविधानमा प्रस्ट लेखिएको छ । त्यो कार्यान्वयनका चरणमा छ । जनताले पाएका छन् । विकास पनि भएको छ । नेपाल हरेक क्षेत्रमा अघि बढिरहेको छ । स्थानीय सरकारमार्फत गाउँगाउँमा विकास पुगेको छ । जति अपेक्षा गरिएको हो, त्यो अनुसार भएको छैन । हिजो के थियो र आज के छ हामीले तुलना गरेर हेर्ने हो भने पनि काफी अन्तर छ ।

जनताको अपेक्षाअनुसार सुशासन, रोजागरी र विकासले जुन गति लिनुपर्ने हो, त्यो अनुसार हुन सकेको छैन । हामीले सोचेअनुसार सुशासन हुन सकेको छैन । जनताको सुशासनको चाहना छ । त्यो दिशातर्फ अघि बढ्नुपर्ने छ । विकासको कुरा गर्दा त हिजोको विकास र आजको विकासमा हामी धेरै फड्को मारेको छौं तर पनि जनताको अपेक्षा र चाहना यतिमात्रै होइन । अझै अगाडि बढ्ने क्रम जारी छ । यतिमै चित्त बुझाउने पनि होइन । गणतन्त्रको गन्तव्य पनि यतिमात्रै होइन, हाम्रो सपना सकिएको छैन । सपनाहरू धेरै बाँकी छन् । हामी नेपाली समाजलाई गन्तव्यमा पुऱ्याउने अभियानमा छौं । समाजवादोन्मुख राज्य व्यवस्थाको परिकल्पना संविधान निर्माताहरूको संकल्प छ । नेपाली समाजलाई विस्तारै रूपान्तरण गर्दै अघि बढ्ने हो ।

सूचना प्रविधिको विकास आज विश्वमै उच्च गतिमै भइरहेको छ । नेपाली समाज भर्खरै विकास हुँदै गरेको समाज हो तर अत्याधुनिक सूचना प्रविधिको पहुँच सबैमा पुगेको छ । त्यसको कसरी प्रयोग गर्ने ? त्यसको सही प्रयोग गरेको हो ? वा दुरूपयोग गरी सूचना प्रवाह गरेको हो, आमनागरिकले छुट्ट्याउन सकिरहेको अवस्था छैन । नेपाली समाजमा सकारात्मक पाटो लुकाएर नकारात्मक कुरामात्रै देखाउने काम भइरहेको छ । खाली भएन, भएन भन्नेमात्रै सन्देश प्रवाह भएको छ । यसले समाजलाई अराजक बनाउन, जवाफदेही बनाउने काम भएको छ । समाजमा अनास्था पैदा गर्ने काम भएको छ । सूचना प्रविधिको विकास जरुरी छ । अझ उन्नत खालको प्रविधि जरुरी छ । नेपालको आर्थिक, सामाजिक, सांस्कृतिक, मावनीय र भौतिक क्षेत्रको विकासमा प्रयोग गर्नुपर्छ । तर सूचना प्रविधिको गलत र अनियन्त्रित प्रयोग गर्नाले राज्य, राजनीतिक दल, राजनीतिक नेतृत्व दलप्रति पनि नागरिकको विश्वासको संकट पैदा गर्ने काम भयो । राज्यप्रति जनताको विश्वास नभएपछि राज्य बन्दैन । राज्यप्रति विश्वास जगाएमात्रै नेपाली समाजको विकास हुन्छ । राज्यप्रति अस्वाभाविक असन्तुष्टिको भाव पैदा गर्न खोजिएको छ । त्यसलाई चिर्दै सही तरिकाले प्रयोग गर्नुपर्ने देखिन्छ ।

नेपाली समाज गत भदौ २३ र २४ गतेको घटनाले अहिले पनि शिथिल अवस्थामा छ । नागरिकमा मनोवैज्ञानिक असर परेको छ । एउटा सुरक्षा व्यवस्था र अर्कोतिर यो देशमा केही पनि हुँदैन भनेर युवा जमातमा चरम निराशा पैदा भएको छ । यसले गर्दा विदेश पलायनको दर अझै बढेको छ । निजी क्षेत्र, व्यवसायीहरू त्रसित छन् । लगानी गर्ने हो तर सुरक्षाको ग्यारेण्टी छैन । नेपाली समाज पनि वीक्षिप्त अवस्थामा छ । जेन-जी आन्दोलनको सुशासन, विकास र रोजगारीको नारा राम्रो थियो । सबै नेपालीले चाहेको पनि त्यही हो । नारा राम्रो थियो तर त्यसको जगमा जुन खालको विध्वंश भयो, त्यसले मुलुकको विकासमा धेरै पछाडि परेको छ । सामाजिक मनोविज्ञानलाई पनि धेरै असर परेको छ । यस्ता घटनाले गणतन्त्रलाई दखल पार्ने काम गरेको छ । देश बनाउने खरानी बनाएर होइन, सिर्जनाले हो । नेपालमा केही गरौं भन्ने व्यावसायिक व्यक्तिलाई पनि लगानी गर्ने वातावरण दिन नसके त्यसले ठूलो नोक्सान पुऱ्याउँछ ।

राजनीतिक दलहरूले दलीय स्वार्थभन्दा राष्ट्रलाई शिरमा राख्नुपर्छ । दलीय स्वार्थभन्दा राज्यको स्वार्थ ठूलो हो भनेर हेर्नुपर्छ । राज्यको ठाउँबाट हेर्दा, जनताको चाहना सुशासन र पारदर्शिताको हो । त्यो चाहना परिपूर्ति गर्ने गरी अघि बढ्नुपर्छ । भ्रष्टाचार नियन्त्रण दीर्घकालीन हिसाबले नै सरकारका कदम हुनुपर्छ । युवाहरू भनेको यो देशको भविष्य हो । युवाहरूलाई आशा नजगाएसम्म देश बन्दैन । 'बन्छ मेरो देश' भन्ने आशा, विश्वास र भावना जगाउन जरुरी छ । देशभित्र सम्भावना देखाउनुपर्छ । देशभित्र गर्न सकिन्छ, देशभित्र बाँच्न सकिन्छ भनेर आशा जगाउनुपर्छ । रोजगारीका सम्भावना देशभित्र सरकारले देखाउनुपर्छ ।

वर्तमान सरकारको यही जगमा बनेको छ । शिक्षा र स्वास्थ्यमा समान हक राज्यको कायम गर्नुपर्छ । संविधानको प्रभावकारी कार्यान्वयन गर्नुपर्छ । नेपालको संविधानमा मौलिक हकदेखि लिएर समृद्ध नेपाल र सुखी नेपालको संकल्प साकार पार्ने समाजवादोन्मुख राज्यव्यवस्था र अर्थव्यवस्थाको सबै व्यवस्था त्यही छ । संविधानमा सबै विषयहरू छन् । संविधान संशोधन गर्दा राष्ट्रिय सहमति गरेर जानुपर्ने हुन्छ । बन्नुपर्ने कानुनहरू अझै बनेका छैनन् । संविधान संशोधनको विरोधी हामी होइनौं तर के विषयमा संविधान संशोधन हो भन्ने त प्रस्ट हुनुपऱ्यो । गणतान्त्रिक व्यवस्थामा जनताले अनुभूत गर्ने गरी लोकतान्त्रिक सरकार र राजनीतिक उत्तरदायित्व हुन आवश्यक छ ।

*(राससले गरेको कुराकानीमा आधारित)*

## श्रम सरोकार

### विदेशमा रहँदा भुल्नै नहुने पाँच कुरा

**१) कसैको प्रलोभनमा नफसौं**

धेरै तलब दिने वा अन्य राम्रो काम सुविधा दिने प्रलोभनमा दलालहरूले गन्तव्य मुलुकका कम्पनी वा वासस्थानमासमेत पुगेर फकाउन सक्छन् । आधिकारिक भिसा रहेको ठाउँभन्दा अन्यत्र काम गर्नु गैरकानुनी हो । कानुनी हैसियत गुमाएपछि सधैंभरि खतरामा काम गर्नुपर्छ र दलालले गैरकानुनी काममा लगाएर फसाउन पनि सक्छ । फर्किनुअघि जेल, नेल जरिवानासहित देश निकालाको अपमान साथै कुटाइ खानुपर्छ ।

**२) धार्मिक तथा स्थानीय कानुनको पालना गरौं**

सम्बन्धित देशमा पुगेर कुनै गल्ती गरेर कानुन थाहा थिएन भनेर उम्किन पाइन्न । स्थानीय धार्मिक, सामाजिक तथा राष्ट्रियताका विषयमा सधैं जानकार र सकारात्मक हुनुपर्छ ।

**३) आफ्नो सुरक्षामा ध्यान दिऔं**

आफ्नो स्वास्थ्य र सुरक्षाको ख्याल आफैंले राख्नुपर्छ । काम गर्दाको बखत, बाटो हिँड्दा, पौडी वा अन्य यस्तै कामको जोखिमबारे सधैं सचेत रहनुपर्छ । कतिपय मुलुकहरूमा जेब्रा क्रसिङभन्दा अन्यत्रबाट बाटो काट्दा पैदलयात्रीले समेत जरिवाना तिर्नुपर्ने हुसक्छ । याद गरौं- कारखानामा काम गर्दा त्यहाँ प्रयोग हुने मेसिनको सोच्ने शक्ति हुँदैन, तपाईंको आफ्नै दिमागले सोचेर होसियारी अपनाउनुपर्छ ।

**४) काममा लगनशील बनौं**

आफ्नो सुपरभाइजरका कुरालाई अवलम्बन गर्नैपर्छ । उसको कुरालाई बेवास्ता गरेमा माथिल्लो निकायमा सामान्यतयाः कुनै सुनुवाइ गर्दैन । अति नै भएमा मात्र दूतावास, वैदेशिक रोजगार विभाग वा अन्य सहयोगी संस्थाबाट सहयोग लिने बानी गर्नुपर्छ । याद गरौं- रोजगारदाताले तपाईंलाई श्रमको मूल्य तिरेको हुन्छ ।



**इद उल अजहामा प्रार्थना गरिदै**

**मुस्लिम धर्मावलम्बीको महान् पर्व इद उल अजहा (बकरिद) को अवसरमा बिहीबार विराटनगर-१३ स्थित इदगाहमा सामूहिक नमाज (प्रार्थना) गर्दै ।** *तस्बिरः रासस*

# सेवा विस्तार गर्दै कोशी अस्पताल

■ **जुनु भट्टराई**




**विराटनगर–** कोशी अस्पतालले सेवा सुधार र विस्तारमा फड्को मारेको छ । बिरामीको चाप र आवश्यकतालाई ध्यान दिएर अस्पतालले आफ्नै ब्लड बैंक र चस्मा पसल एकैसाथ सञ्चालनमा ल्याएको छ ।

अस्पतालमा दैनिकरूपमा रगतको अभावका कारण बिरामी र तिनका आफन्तले सास्ती खेपिरहेकै बेला अस्पतालले आफ्नै संरचनामा ब्लड बैंक स्थापना गरेको हो । अस्पतालले गत पुस महिनामा टेण्डर आह्वान गरी आवश्यक पूर्वाधार निर्माण र उपकरण जडानको प्रक्रिया सुरु गरेको थियो ।

दुवै सेवाको उद्घाटन अस्पतालका मेडिकल सुपरिटेण्डेन्ट (मेसु) डा. रामनारायण चौधरीले गरेका हुन् । २४ लाख रूपैयाँको लागतमा स्थापित ब्लड बैंकले रगत अभावको सास्ती हटाउन सहयोग गर्ने भएको छ ।

अस्पतालका प्रशासन प्रमुख त्रिलोचन न्यौपानेका अनुसार अब अस्पतालमै रगत संकलन, परीक्षण र भण्डारणको प्रक्रिया छिटो हुने भएकाले आकस्मिक सेवामा सुधार आउने छ । 'अहिलेसम्म हामी बाह्य निकाय (रेडक्रस) मा निर्भर थियौं, जसका कारण कतिपय अवस्थामा रगत अभाव हुन्थ्यो,' प्रशासन प्रमुख न्यौपानेले भने, 'अब अस्पतालमै ब्लड बैंक सञ्चालनमा ल्याएका छौं, बिरामीले छिटो र सहजरूपमा सेवा पाउने छन् ।'

ब्लड बैंक उद्घाटनलगत्तै अस्पताल परिसरमा विशेष रक्तदान कार्यक्रम आयोजना गरिएको थियो । उक्त कार्यक्रममा अस्पतालका चिकित्सक, नर्स तथा प्रशासनिक कर्मचारीसहित ४५ जनाले रक्तदान गरेको प्रमुख न्यौपानेले जानकारी दिए । आफ्नै ब्लड बैंक सञ्चालनमा आएको खुसियालीमा कर्मचारीले उत्साहपूर्वक रक्तदान गरेका हुन् ।

विशेषगरी प्रसूति र शल्यक्रिया (सर्जरी) विभागमा रगतको अत्यधिक माग हुने गर्दछ । स्त्री तथा प्रसूतिरोग विभागकी प्रमुख डा. अञ्जु देवले प्रसूति सेवा अत्यन्तै संवेदनशील हुने भन्दै अस्पतालकै ब्लड बैंक भएपछि गरिब तथा विपन्न बिरामीले रगत खोज्न बाहिर धाउनुपर्ने बाध्यताबाट मुक्ति पाउने बताइन् ।

प्रादेशिक रक्तसञ्चार सेवाका अनुसार कोशी प्रदेशमा दैनिक ९०० देखि एक हजार युनिटसम्म रगतको माग हुने गरेको छ, तर पछिल्लो समय राजनीतिक गतिविधिले गर्दा रक्तदान कार्यक्रम ओझेलमा पर्दा रगतको चरम अभाव देखिँदै आएको थियो ।

आँखाका बिरामीलाई राहत

ब्लड बैंकसँगै अस्पतालले आँखा विभागमा बढ्दो सेवाग्राहीको चापलाई ध्यानमा राख्दै आफ्नै परिसरभित्र चस्मा पसल पनि सञ्चालनमा ल्याएको छ । यसअघि अस्पतालमा चस्मा उपलब्ध नहुँदा बिरामी बाहिरका निजी पसलमा जान बाध्य थिए, जसले गर्दा उनीहरूको समय र खर्च दुवै बढी लाग्ने गरेको थियो ।

अस्पतालका मेसु डा. चौधरीले आँखा विभागमा आउने बिरामीको संखचा बढ्दै गएको र उनीहरूको सहजताका लागि यो कदम चालिएको बताए । 'हालसम्म अस्पतालभित्र चस्मा उपलब्ध नभएकाले बिरामीलाई बाहिर पठाउनुपर्ने बाध्यता थियो, अब त्यो अवस्था सधैंका लागि अन्त्य भएको छ,' मेसु डा. चौधरीले भने । अस्पतालका अनुसार स्वास्थ्य बिमा गरेका बिरामीले बिमाअन्तर्गत एक हजार रूपैयाँसम्मको चस्मा निःशुल्क प्राप्त गर्न सक्ने छन् भने बिमा नभएका सेवाग्राहीले पनि सहुलियत दरमा चस्मा खरिद गर्न पाउने छन् ।

हाल सो अस्पतालको आँखा विभागमा दैनिक औसत ४० जना बिरामीले ओपिडी सेवा लिइरहेका छन् । विभागले चस्मा जाँच, 'बी-स्क्यान,' 'भिजुअल फिल्ड' तथा आँखाको चाप नाप्ने र मोतियाबिन्दुको शल्यक्रिया सेवा दिँदै आएको छ । यद्यपि, विभागमा अप्टोमेट्रिस्ट, अप्टिकल फिटर र तालिमप्राप्त नर्सजस्ता प्राविधिक जनशक्तिको भने केही अभाव रहेको चिकित्सक बताउँछन् । यो अस्पताल कोशी प्रदेशकै सबैभन्दा ठूलो र पुरानो सरकारी अस्पताल हो ।

आगामी दिनमा अस्पतालले मधुमेह र उच्च रक्तचापका कारण देखिने आँखाका समस्याको उपचारमा ध्यान केन्द्रित गर्दै विशेषज्ञ सेवा विस्तार गर्ने योजना बनाएको छ । एकै ठाउँबाट रगत, परीक्षण, उपचार र चस्मा उपलब्ध हुने भएपछि टाढा-टाढा र छिमेकी भारतीय सहरबाट आउने बिरामीलाई राहत मिल्ने विश्वास गरिएको छ । *रासस*

# मकालु वरूण राष्ट्रिय निकुञ्जमा जेठ २५ देखि यार्सागुम्बा संकलन खुला

**किमाथांका (संखुवासभा)–** यहाँको मकालु वरुण राष्ट्रिय निकुञ्जले यही जेठ २५ गतेदेखि बहुमूल्य जडीबुटी यार्सागुम्बा संकलन खुला गर्ने जनाएको छ । निकुञ्ज कार्यालयकी सूचना अधिकारी संस्कार सुवेदीले जेठ २५ देखि एक महिनासम्म यार्सागुम्बा संकलन गर्न अनुमति दिएको बताइन् ।

उनका अनुसार यहाँ निकुञ्ज क्षेत्रमा दुई प्रजातिका यार्सा पाइने गरेका छन् । यार्सागुम्बा संकलनका लागि निकुञ्ज कार्यालय हेदाङनागढी, हटिया सेक्टर कार्यालय भोटखोला गाउँपालिका-३, सेदुवा सेक्टर कार्यालय मकालु-२, गोला पोस्ट भोटखोला-४, ताम्कू सेक्टर कार्यालय सिलिचोङ-३, बुङ सेक्टर कार्यालय महाकुलुङ-१ बुङ, सोलुखुम्बु र छेस्काम रेञ्जपोस्ट महाकुलुङ-३ सोलुखुम्बुमार्फत पुर्जी दिने व्यवस्था मिलाइएको कार्यालयले जनाएको छ ।



अनुमति लिएका व्यक्ति वा समूहले जेठ २५ गतेदेखि असार २५ गतेसम्म यार्सा संकलन गर्न पाउने छन् । यार्सागुम्बा संकलन गर्न जाँदा संकलन पुर्जी, प्राथमिक उपचार सामग्री तथा औषधि, खाना पकाउन ग्यास वा स्टोभ, बस्नका लागि त्रिपाललगायत सामग्री लैजान अनुमति दिइएको सूचना अधिकारी सुवेदीले बताइन् । यसैगरी, यार्सागुम्बा संकलनका क्रममा विष्फोटक पदार्थ, खुकुरी, चक्कु, डोरी, पासो, भाला, गुलेली, लाउड स्पिकर, ड्रमसेटजस्ता कुरा लैजान प्रतिबन्ध लगाइएको उनले जानकारी दिइन् ।

यहाँका मकालु गाउँपालिका, भोटखोला र सिलिचोङ गाउँपालिका र सोलुखुम्बु जिल्लाको महाकुलुङ गाउँपालिका क्षेत्रको मकालु वरुण निकुञ्जलगायत क्षेत्रमा यार्सागुम्बा पाइने गरेको छ । यार्सागुम्बा उच्च हिमाली क्षेत्रका बासिन्दाको मुख्य आम्दानीको स्रोतका रूपमा रहेको छ । संकलित यार्सागुम्बा बेचेर स्थानीयले वर्षभरिका लागि आवश्यक घरखर्च, बालबच्चा पढाउन स्रोत जुटाउने गरेका छन् ।

यार्सागुम्बा संकलनका लागि निकुञ्ज कार्यालयले मध्यवर्ती क्षेत्रभित्रका स्थानीयलाई ५०० रूपैयाँ, मध्यवर्ती क्षेत्र बाहिरका संखुवासभा र सोलुखुम्बुका लागि दुई हजार रूपैयाँ तथा जिल्ला बाहिरका लागि तीन हजार रूपैयाँ प्रवेश शुल्क तोकिएको मकालु वरुण राष्ट्रिय निकुञ्जले जनाएको छ ।

निकुञ्जले विगतका वर्षमा यार्सागुम्बाबाट वार्षिक ५० लाख रूपैयाँभन्दा बढी राजस्व संकलन गरिरहेको थियो । गुणस्तरका आधारमा एक नम्बरको यार्सागुम्बालाई प्रतिकेजी ४० लाख रूपैयाँसम्म बिक्री हुने गरे पनि यहाँको यार्सागुम्बा प्रतिकेजी पाँच लाख ५० हजारदेखि साढे सात लाख रूपैयाँसम्ममा किनबेच हुने गरेको व्यापारीको भनाइ छ । यसरी संकलन गरिएको यार्सा चीनको तिब्बत तथा काठमाडौंतर्फ बढी निकासी हुने गरेको छ । मकालु वरुण राष्ट्रिय निकुञ्ज संखुवासभा र सोलुखुम्बुको एक हजार ५०० वर्गकिलोमिटरमा फैलिएको छ । *रासस*

# 'पार्किङ' शुल्कबाट संकलित रकम शैक्षिक सुधारमा

**गलकोट (बागलुङ)–** बागलुङको प्रसिद्ध कालिका मन्दिर परिसरको 'पार्किङ' शुल्कबाट संकलन गरिएको रकमलाई शिक्षा क्षेत्रमा खर्च गर्न थालिएको छ । कालिका भगवती गुठी व्यवस्थापन समितिले पार्किङ शुल्कबाट संकलित रकमलाई विद्यालयको शैक्षिक सुधारमा खर्च गर्न दुई विद्यालमा चार लाख रूपैयाँको अक्षयकोष स्थापना गरेको हो । व्यवस्थापन समितिले पदभार ग्रहण गरेको माघ महिनादेखि वैशाखसम्म संकलित रकमबाट बालमन्दिर आधारभूत विद्यालय बागलुङ नगरपालिका-२ र रामरेखा आधारभूत विद्यालय बागलुङ नगरपालिका-१ रामरेखामा दुई-दुई लाख रूपैयाँको अक्षयकोष स्थापना गरिएको बागलुङ कालिका भगवती गुठी व्यवस्थापन समितिका अध्यक्ष भूपेन्द्र खड्काले जानकारी दिए ।

उनले माघ महिनादेखि पार्किङबाट संकलन भएको चार लाख रूपैयाँ रकमलाई विद्यालयको शैक्षिक सुधारमा खर्च गर्नका लागि विपन्न र गरिब परिवारका छोराछोरी पढ्ने विद्यालयमा अक्षयकोष स्थापना गरिएको जानकारी दिए । 'पहिलो चरणमा दुई विद्यालयको कोष स्थापना गरेका छौं । उक्त कोषको ब्याजबाट विद्यार्थीलाई शैक्षिक सामग्री खरिदमा सहयोग पुग्ने छ, पार्किङ शुल्कबाट आएको रकमले दुईवटै विद्यालयमा कोष वृद्धि गरेर चार-चार लाख पुऱ्याइने छ,' उनले भने, 'मन्दिरको पार्किङबाट संकलन भएको रकम यसअघि मानव सेवा आश्रमलाई प्रदान गरिएको थियो, अब जिल्लाका विपन्न परिवारका छोराछोरी अध्ययन गर्ने सामुदायिक विद्यालयमा उक्त कोष स्थापना गरिने छ ।' समितिले आवश्यकताका आधारमा थप सामुदायिक विद्यालयमा क्रमशः 'कालिका भगवती गुठी अक्षयकोष' स्थापना गर्दै जाने जनाएको छ । उक्त कोषबाट गरिब तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिने छ ।

कोष स्थापनाले विद्यालयलाई केही राहत पुग्ने रामरेखा आधारभूत विद्यालयकी प्रधानाध्यापक सिर्जना पौडेलले जानकारी दिइन् । विद्यालयमा सीमान्तकृत माझी समुदायका छोराछोरी, अपांगता भएका विद्यार्थीसहित १३० जना विद्यार्थी अध्ययनरत रहेको जानकारी दिए । उनले अधिकांश विद्यार्थी निम्न आय भएका परिवारबाट भएकाले सहयोगको आवश्यकता रहेको बताइन् । उनले आगामी दिनमा पनि यस्ता सहयोगलाई निरन्तरता दिन आग्रह गरिन् । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष भूपेन्द्रबहादुर केसीले विद्यार्थीको पोसाक, खाजा, झोला तथा यातायातजस्ता आवश्यकता विभिन्न निकायको सहयोगबाट व्यवस्थापन गर्दै आएको उल्लेख गर्दै कालिका गुठीको सहयोग विद्यार्थीको उज्ज्वल भविष्यका लागि महत्त्वपूर्ण हुने जानकारी दिए । *रासस*

# च्याङथापूका २६ घर उच्च जोखिममा

**पाँचथर–** जिल्लाको याङवरक गाउँपालिका-१ च्याङथापूका विभिन्न स्थानमा पहिरो जाँदा छ टोल प्रभावित भएका छन् । बेमौसमी वर्षापछि गत जेठ ८ गते पहिरो जाँदा यहाँका २६ घर उच्च जोखिममा रहेका पाइएको छ ।

याङवरक-१ का वडाध्यक्ष राजेन्द्र खालिङ राईका अनुसार पहिरोका कारण साविक च्याङथापू गाविसका छ वटा वडा प्रभावित भएका छन् । यहाँका ठिंगेपुर कोप्चे, बिरुवा, पेरुंगे, चाम्लिङडाँडा, एकराते, खोलाघारी र सुन्दरपुर टोल पहिरोबाट प्रभावित भएका हुन् । जहाँ २६ घर उच्च जोखिममा रहेका र करिब ७० घर पहिरोको जोखिममा रहेको पाइएको वडाध्यक्ष खालिङले जानकारी दिए ।

पहिरो झरेर चाम्लिङडाँडाका महमलाल खवास र कविरमान खवासको तथा कोप्चेको गंगाराम बेघाको घर बगाएको थियो । अन्य घरहरू नबगाए पनि जोखिमपूर्ण अवस्थामा रहेको खालिङको भनाइ छ । 'कसैको घरमाथि पहिरो छ त कसैको घरमुनिबाट पहिरो गएको थियो,' उनले भने, 'पानी पऱ्यो कि सबैजना त्राहिमान हुने अवस्था छ, सुरक्षित स्थानतर्फ भाग्नुपर्ने स्थिति रहेको छ । यहाँ बाढीपहिरोले मानवीय क्षति नभएपछि पशुचौपाया बगाएको, खेतीयोग्य जमिन र अलैंची बगानमा क्षति पुगेको छ ।'



च्याङथापूमा तीन वर्षअघि पनि भीषण वर्षापछि पहिरो गएको थियो । २०८० असार ३ मा यहाँको मेवाखोलासहितका खोलामा बाढी आउनुका साथै धेरै स्थानमा पहिरो गएको थियो । त्यसबेला यहाँको चोक, खोलाघारी, एकरातेलगायत टोल प्रभावित भएका थिए, तर तीन वर्षपछि पहिलेभन्दा ठूलो वर्षा भएको र बाढीपहिरो गएको थियो । वडाध्यक्ष खालिङले भने, 'तीन वर्षअघि जसरी पहिरोले धुजाधुजा पारेको थियो, हाल त्यस्तै अवस्था आएको छ । हामीलाई प्रकृतिले पीडामाथि पीडा दिइरहेको छ ।'

जिल्ला समन्वय समितिका पूर्वसदस्य नरबहादुर गुरुङ पहिरो प्रभावित क्षेत्रमा त्रासको अवस्था रहेको बताउँछन् । 'बादल लाग्यो कि दिउँसै पनि भाग्ने अवस्था छ । यहाँ जताततै पहिरो गएको छ । बाढीले खोलाकिनारका सबै संरचना बगाएको छ,' उनले भने ।

बाढीपहिरोले यहाँका आठवटा सिँचाइ योजना, तीनवटा खानेपानी योजना ध्वस्त भएका र तीनवटा झोलुंगे पुलमा क्षति पुगेको गुरुङले बताए । बाढीपहिरोले पुष्पलाल (मध्यपहाडी) राजमार्गको च्याङथापू खण्ड, फाक्लुङ-फालोट मोटरबाटो, च्याङथापू-समरजुङ र च्याङथापू-लामपोखरी मोटरबाटोमा धेरै क्षति पुगेको छ । च्याङथापू-लामपोखरी मोटरबाटो अवरुद्ध हुँदा सुकाढापमा रहेको सशस्त्र प्रहरी बलको बोर्डर आउट पोस्ट (बिओपी)मा सामग्री ढुवानी गर्न नसकिने अवस्था आएको छ ।

बाटो नै नभएपछि यहाँका ५० जनाभन्दा बढी विद्यार्थीलाई विद्यालय जान समस्या भएको छ भने गर्भवतीको नियमित परीक्षण प्रभावित भएको छ । तीन वर्षअघिको बाढीपहिरोबाट क्षतिग्रस्त संरचनाको पुनर्निर्माण नहुँदै पुनः क्षति भएपछि यहाँका सरोकार भएकाहरूले यस क्षेत्रलाई संकटग्रस्त क्षेत्र घोषणा गर्न माग गरिरहेका छन् ।

याङवरक गाउँपालिकाका उपाध्यक्ष बाबा मेन्याङ्बोका अनुसार बाढीपहिरोले वडा नं १, २ र ३ मा अत्यधिक क्षति पुऱ्याएको छ भने वडा नं ४ र ५ मा सामान्य आंशिक क्षति पुगेको छ । वडा कार्यालयहरूले अझै क्षतिको विवरण संकलन गरिरहेका छन् । बाढीपहिरोपछि यस गाउँपालिकाका सबै वडालाई जोड्ने पुष्पलाल (मध्यपहाडी) राजमार्गको ओयाम-च्याङथापू-चिवाभञ्ज्याङ खण्ड अवरुद्ध छ । अवरुद्ध राजमार्गलाई ओयामबाट खुलाउन सुरुआत गरिएको छ । 'बाटो सफा गरेर वडा नं ३ को फलामखोलासम्म सम्पर्क स्थापित गरेका छौं । बाँकी काम भइरहेको छ,' उपाध्यक्ष मेन्याङ्बोले भने ।

सडक अवरुद्ध भएपछि च्याङथापू र फलैंचा पुग्न नसकिएको र राहत वितरण पनि हुन नसकेको उनले बताए । 'हामी ओयामदेखि माथि जाने अवस्था छैन । हाल त्यहाँका जनप्रतिनिधिलाई नै क्षतिको विवरण संकलनलगायत काम गर्न भनेका छौं,' उपाध्यक्ष मेन्याङ्बोले भने । *रासस*

प्रभाव दैनिक

रूपशाला

**'खोजतलास'को विशेष प्रदर्शन**

यल्ली वूड फिल्म्स प्रालिद्वारा निर्माण गरिएको फिल्म 'खोजतलास' बुधबार साँझ चलचित्र विकास बोर्डमा विशेष प्रर्दशन गरिएको छ। दिनेश लिङ्देनको कथा र निर्देशन रहेको फिल्ममा समाजमा घटने आपराधिक घटनाविरूद्धको संघर्षलाई देखाइएको छ। फिल्ममा रूद्र पाहिम, विमला खजुम, पुष्पाञ्जली लिम्बु, पुजा गिरी, शैलेन्द्र नाल्बो, राजकुमार शाह, रोहन सेन्चुरी, सागर केरूङ, तेज मेन्याङबो, राजु घिमिरे, दिपेन्द्र नाल्बो, शर्मिला शर्मा दिलिप योङहाङ र पुर्ण सेलिङको अभिनय छ।





# छैटौं नेपाल आदिवासी जनजाति चलचित्र महोत्सव हुँदै

■ प्रभाव संवाददाता




**खोटाङ–** नेपाल आदिवासी जनजाति चलचित्र महासंघले यही जेठ-१७ गतेदेखि 'छैटौं नेपाल आदिवासी जनजाति चलचित्र महोत्सव-२०८३' आयोजना गर्ने भएको छ। नेपाल सरकार, सूचना तथा सञ्चार मन्त्रालय, चलचित्र विकास बोर्ड तथा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानसँगको सहकार्यमा जेठ १७, १८ र १९ गते चलचित्र महासंघले छैटौं महोत्सवको आयोजना गर्ने भएको हो।

काठमाडौंस्थित चलचित्र विकास बोर्डमा आयोजना हुने महोत्सवमा लिम्बू, नेवारी, गुरुङ, तामाङ, मगर, भुजेल, माझी तथा राजवङ्शी समुदायका कथानक चलचित्र, लघु चलचित्र, वृत्तचित्र र एआई जेनेरेड वृत्तचित्र प्रदर्शन गरिने महोत्सव आयोजक समितिका निर्देशक सागर केरुङले जानकारी दिए।

'आदिवासी चलचित्रलाई कला वा मनोरञ्जनका रूपमा मात्र होइन। सभ्यता, अस्तित्व र सांस्कृतिक सार्वभौमिकतासँग जोडेर हेरिनुपर्छ', उनले भने, 'छैटौं नेपाल आदिवासी जनजाति चलचित्र महोत्सव-२०८३ मा आदिवासी जनजातिको भाषा बोल्छ, इतिहास बोल्छ, भूमि बोल्छ, पूर्वजहरूको स्मृति बोल्छ र सिंगो आदिवासी जनजाति समुदायको जीवित आत्मा बोल्छ। महोत्सवले नेपाललाई विश्व आदिवासी चलचित्रको एक सशक्त केन्द्रका रूपमा स्थापित गर्छ।'

महोत्सवमा कथानक चलचित्रतर्फ दिनेश लिङ्देन निर्देशित रित, अमृतमान महर्जन निर्देशित स्वयनगु, जनक गुरुङ निर्देशित ङोल्स्यो रामरानी, निमा लामा तामाङ निर्देशित ह्याङ तामाङ तथा अशोक आले मगर निर्देशित दिलसरा प्रदर्शन गरिने जनाइएको छ। लघु चलचित्रतर्फ सागर केरुङ निर्देशित तङसिङ, हुतबहादुर तामाङ निर्देशित दुखला ग्यम, विपना तामाङ भुजेल निर्देशित निको पहिचान तथा विशाल रोकामगर निर्देशित लाहुरेनी प्रदर्शन हुने आयोजकले जनाएको छ।

वृत्तचित्रतर्फ अनिल बूढामगर निर्देशित आग्रे, होमकुमारी माझी निर्देशित लदि पूजा तथा अरविन्द विश्वास निर्देशित एआई जेनेरेटेड वृत्तचित्र विराटनगरके प्राचीन राजवङ्शी प्रदर्शन गरिनेछ। महोत्सवले चलचित्रकर्मी, अनुसन्धानकर्ता, सांस्कृतिक अभियन्ताबीच नयाँ संवाद, सहकार्य र वैकल्पिक सिनेम्याटिक विमर्श निर्माण गर्ने विश्वास लिइएको छ।

छैटौं नेपाल आदिवासी जनजाति चलचित्र महोत्सव-२०८३ का बारेमा आयोजकले बिहीबार अनामागरस्थित सिलौटा कटेजमा पत्रकार सम्मेलन गरेर जानकारी दिएको छ। पत्रकार सम्मेलनमा नेपाल चलचित्र कलाकार संघका अध्यक्ष उत्तम केसी, नेपाल आदिवासी जनजाति महासंघका उपाध्यक्ष अमृतबहादुर सुनुवार, नेपाल आदिवासी जनजाति पत्रकार संघका अध्यक्ष समीर बलामी तथा आदिवासी कलाकारहरूको सहभागिता थियो।

# कान्तिपुर 'थिएटर'मा महाभारत नाटक

■ प्रभाव संवाददाता



**काठमाडौं–** कान्तिपुर थिएटरमा बिहीबारदेखि नयाँ नाटक 'महाभारत' मञ्चन सुरु भएको छ।

कान्तिपुर फिल्म एकेडेमीको थिएटरमा हास्यव्यंग्य कलाकार मनोज गजुरेल पहिलो पटक नाटकमा अभिनय गरेका छन्। साथै, कलाकार तथा निर्देशक रमेश बुढाथोकी र सुवर्ण थापाको अभिनयले पनि नाटकलाई थप अपेक्षित बनाएको छ। सन्दीप श्रेष्ठ, प्रतिक चौधरी, सुपज्ञा शर्मालगायत अन्य २० जना कलाकार पनि 'महाभारत'का लागि कान्तिपुर थिएटरको मञ्चमा देखिँदैछन्।

भारतीय प्रसिद्ध लेखक कुलदीप कुणालको नाटकलाई नवीन भट्टले नेपाली रूपान्तरण, डिजाइन तथा निर्देशन गरेका छन्। नाटकको अनुवाद प्रकाश दाहालले गरेका हुन् भने सेट डिजाइन तुफान थापा, लाइट डिजाइन दीपेश गजुरेल, संगीत संयोजन तथा गायन अनुप तिमिल्सिना, कोरियोग्राफी अनिष क्षेत्री र निर्माण रमेश पुरीले गरेका छन्।

# फिल्म 'शेप अफ मोमो'को प्रदर्शनसँगै किम्फको २३ औं संस्करण सुरू



■ प्रभाव संवाददाता

**काठमाडौं–** अन्तर्राष्ट्रिय पर्वतीय चलचित्र महोत्सव (किम्फ)ले काठमाडौंमा सुरु भएको छ। त्रिबेनी राई निर्देशित फिचर फिल्म 'शेप अफ मोमो' प्रिमियरसँगै महोत्सव सुरु भएको हो। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री खडक राज पौडेलले परम्परागत घण्टा बजाएर महोत्सवको औपचारिक उद्घाटन गरे।

कार्यक्रममा मन्त्री पौडेलले फिल्म मार्फत कथा भन्ने परम्पराको महत्व र प्रत्येक व्यक्तिका फरक कथाहरूलाई हाम्रो संस्कृतिको अभिन्न अंशका रूपमा उत्सव मनाउनुपर्ने आवश्यकता औंल्याए।

'किम्फजस्ता मञ्चहरू हामीजस्ता फिल्मकर्मीहरूको यात्राको महत्वपूर्ण सुरुवाती बिन्दु बन्न सक्छन्', निर्देशक राईले भनिन्। पाँच दिनसम्म चल्ने किम्फमा २९ देशका ५० भन्दा बढी फिल्महरू प्रस्तुत गरेको छ, जसमा फिक्सन, डकुमेन्ट्री, सर्ट फिल्म तथा साहसिक फिल्म समावेश छन्। विश्वभरका कथासँगै नेपाल पानोरामा खण्डले स्थानीय आवाजलाई प्राथमिकता दिँदै उदाउँदा तथा स्थापित नेपाली फिल्मकर्मीहरूको कामलाई केन्द्रमा राखेको छ। महोत्सव ३१ मेसम्म ठमेलस्थित क्यूएफएक्स छायाँ सेन्टरमामा चल्नेछ।

'यस वर्षका फिल्महरूले मानिस, संस्कृति र तीव्र रूपमा परिवर्तन भइरहेको संसारका विविध कथाहरू प्रस्तुत गर्छन्। हामी फिल्म समुदायमा सृजनशीलता विकास गर्न र महत्त्वपूर्ण कथाहरूप्रति संवेदनशीलता अभिवृद्धि गर्न चाहन्छौं' महोत्सव निर्देशक राम्यता लिम्बु भनिन्।

उद्घाटनअघि काठमाडौं डक ल्याबको दोस्रो संस्करणअन्तर्गत विकास गरिएका नौ दक्षिण एसियाली डकुमेन्ट्री परियोजनाको लाइभ पिचिङ सत्र सम्पन्न भएको थियो। ती परियोजनालाई पाँचदिने आवासीय इन्क्युबेटर कार्यक्रममार्फत फिल्मकर्मी क्यानडाकी अनम अब्बास, भुटानका अरुण भट्टराई तथा भारतकी सर्भनिक कौर ले मार्गदर्शन गरेका थिए।

किम्फ २०२६ को अन्तर्राष्ट्रिय निर्णायक मण्डलमा भारतकी अन्तर्राष्ट्रिय फिल्म प्रोग्रामर दीप्ति डी कुन्हा, थाइल्याण्ड फिल्म अभिलेखालयकी निर्देशक चलिदा उअबुमरुङ्जित, नेपालका लेखक तथा कवि कुमार नगरकोटीलगायत छन्। नेपाल पानोरमा निर्णायक मण्डलमा लुसी डे बारोस, फिल्म निर्देशक नवीन चौहान तथा फिल्म पत्रकार एवं समालोचक रीना मोक्तान छन्।

## रंगशाला

**एशियन महिला छनोट**

# इन्डोनेशियालाई पराजित गर्दै नेपाल सेमिफाइनलमा




■ प्रभाव संवाददाता

**काठमाडौं –** नेपाली महिला क्रिकेट टोली एसियाली खेलकुद महिला क्रिकेट छनोटअन्तर्गत समूह 'बी' को खेलमा इन्डोनेसियालाई पराजित गर्दै सेमिफाइनलमा पुगेको छ।

मलेसियाको क्वालालम्पुरस्थित बायुमास ओभल क्रिकेट मैदानमा बिहीबार खेलमा नेपालले इन्डोनेसियामाथी चार विकेटको जित निकाल्दै प्रतियोगिताको सेमिफाइनलमा पुगेको हो।

प्रतियोगितामा नेपालको यो लगातार दोस्रो जित हो। यसअघि भएको पहिलो खेलमा नेपालले चीनमाथि १९ रनको शानदार जित हात पारेको थियो।

बिहीबारको खेलमा इन्डोनेशियाले नेपाललाई जितका लागि  ११४ रनको लक्ष्य दिएको थियो। जवाफमा नेपालले १९.३ ओभरमा ६ विकेट गुमाएर पूरा गर्‍यो।

नेपालका लागि कप्तान इन्दु वर्माले अविजित ४२ रनको महत्वपूर्ण इनिङ्स खेलिन्। सोनी पाखरिनले २९ तथा सीता रानामगरले अन्तिम समयमा आक्रामक ब्याटिङ गर्दै ६ बलमा अविजित १३ रन जोडिन्। त्यसअघि टस जितेर पहिला ब्याटिङ गरेको इन्डोनेसियाले निर्धारित २० ओभरमा चार विकेट गुमाएर ११३ रन बनाएको थियो। इन्डोनेसियाकी कप्तान नि पुतु आयु नन्दा सकारिनीले अविजित ५६ रन बनाइन्। त्यस्तै भने नि लुह देवीले २३ रनको योगदान दिइन्।

बलिङतर्फ नेपालका लागि मनिषा उपाध्यायले उत्कृष्ट बलिङ गर्दै चार ओभरमा नौ रन खर्चेर दुई विकेट लिइन्। त्यस्तै रिया शर्माले एक विकेट हात पारिन्। खेलमा उत्कृष्ट प्रदर्शन गरेकी इन्दु वर्मा प्लेयर अफ द म्याच घोषित भइन्।

**काभा महिला भलिबल च्याम्पियनसिप**

# नेपाल सेमिफाइनलबाट बाहिरियो

■ प्रभाव संवाददाता



**काठमाडौं–** नेपाल काभा महिला भलिबल च्याम्पियनसिपबाट बाहिरिएको छ।

बलियो प्रतिद्वन्द्वी इरानसँग बिहीबार ३-० को सोझो सेटमा पराजित हुँदै नेपाल सेमिफाइनलबाट बाहिरियो। अपराजित इरान कुनै पनि सेट नगुमाई फाइनलकप यात्रा तय गर्न सफल रह्यो।

राष्ट्रिय खेलकुद परिषद्को कभर्ड हलमा खचाखच दर्शकको साथ थियो। तर नेपालको प्रदर्शन उत्साहजनक हुन सकेन्। पहिलो सेट केहि प्रतिस्पर्धात्मक बन्यो। जहाँ नेपाली खेलाडीहरू सर्भीसमा चुके। पहिलो सेट २५-२० ले इरानले जित्यो।

दोस्रो सेटम नेपालको प्रदर्शन झनै फितलो रह्यो। इरानले खेलमा एकपक्षीय दबाब बनायो। सहजै २५-१५ ले दोस्रो सेट जित्दै इरानले २-० को स्पष्ट अग्रता बनायो।

दुई सेट गुमाएको नेपाललाई खेलाम टिक्नको लागि तेस्रो सेट जित्नुको विकल्प थिएन्। तर तेस्रो सेटमा नेपाल झनै निरिह बन्यो। २५-११ ले तेस्रो सेट जित्दै इरान फाइनलको यात्रा तय गर्न सफल रह्यो।

नेपाल इरानसँग हारेको यप दोस्रो पटक हो। यसअघि २०२४ को काभा महिला च्यालेन्ज लिगमा लिग चरणमा नेपाल इरानसँग ३-२ ले हारेको थियो। सोही प्रतियोगितामा नेपालले सेमिफाइनलमा इरानलाई सोझो सेटमा हराउँदै फाइनलमा स्थान बनाएको थियो।

अब उपाधिका लागि इरानले काजकिस्तानसँग खेल्नेछ।

त्यस्तै पहिलो सेमीफाइनल खेलमा काजकिस्तानले भारतलाई २५-२१ २५-१७ र २५-१४ ले हरायो। फाइनल खेल आज (शुक्रबार) हुनेछ। यसअघि समुह चरणमा इरानले काजकिस्तानलाई सोझो सेटमा हराएको थियो।

# नेपाल 'ए' क्रिकेट टोलीको बिदाई

■ प्रभाव संवाददाता

**कञ्चनपुर–** कञ्चनपुरको भीमदत्त नगरपालिका र कञ्चनपुर जिल्ला क्रिकेट संघले अल इन्डिया गोल्डकप क्रिकेट प्रतियोगिता खेल्ने नेपालको ए राष्ट्रिय टोलीको बिदाइ गरेको छ।

भीमदत्त नगरपालिकाका नगर उपप्रमुख निलम जोशी र जिल्ला क्रिकेट संघ कञ्चनपुरका अध्यक्ष वीरेन्द्रबहादुर चन्दले भारतको उत्तराखण्डमा सञ्चालन हुने ४२ औं अल इन्डिया गोल्डकप क्रिकेट प्रतियोगिता खेल्ने नेपालको ए राष्ट्रिय टोलीको बिहीबार बिदाइ गरेका हुन्।

नेपाली टोलीमा कप्तान अनिलकुमार साहको नेतृत्वमा टोली गड्डाचौकी नाका भएर भारत प्रस्थान गरेको छ। टोलीमा मयन यादव, तृत राज दास, देव खनाल, रसिद खान, बसिर अहमद, नारायण जोशी, आकाश चन्द, हेमन्त धामी, पवन सराफ, दीपक डुम्रे, युवराज खत्री, विपिन खत्री, ललित राजवंशी र अर्जुन कुमाल छन्।

नेपालले आगामी मे ३० मा केरलासँग पहिलो खेल खेल्नेछ। त्यसपछि नेपालले मे ३१ मा गोवा र जुन २ मा ओडिसासँग खेल्नेछ। प्रतियोगिताको क्वार्टरफाइनल जुन ४ मा, सेमिफाइनल जुन ६ मा र फाइनल जुन ७ मा हुनेछ।

नेपाल 'ए' का प्रशिक्षक राजु बस्न्यातले नेपाली टोली उत्तराखण्डमा गएर भारतका विभिन्न राज्यका टिमसँग खेल खेल्ने बताए। 'यो भारतको प्रतिष्ठित प्रतियोगिता हो। यसले हाम्रा खेलाडीमा सकारात्मक उर्जा विकास गर्ने विश्वास छ', उनले भने, 'नेपाली खेलाडीले यहाँ खेल्न पाउँदा मनोबल बढ्ने र अनुभवका हिसाबले फलदायी हुनेछ।'



कतारको दोहास्थित 'कतारा कल्चरल भिलेज'मा ईद अल-अधाको उत्सवमा बुधबार साँझ गरिएको आतिशबाजी । *तस्बिर: सिन्ह्वा*

# कुवेतमा मिसाइल-ड्रोन हमला



**दुबई–** इरान युद्धमा कायम गरिएको नाजुक युद्धविराममाथि फेरि प्रश्न उठ्ने गरी कुवेतले बिहीबार आफूले मिसाइल र ड्रोन हमलाको सामना गरेको जनाएको छ । अमेरिकाले इरानविरुद्ध आक्रमण तीव्र बनाएको र तेहरानले त्यसको प्रतिकार गरिरहेको दाबी गरिरहेका बेला आएको यो घटनाले मध्यपूर्वको सुरक्षा अवस्थालाई थप तनावपूर्ण बनाएको छ । कुवेती सेनाले सार्वजनिक गरेको संक्षिप्त घोषणामा मिसाइल तथा ड्रोन आक्रमण भएको पुष्टि गरिएको भए पनि कुन स्थान वा संरचनालाई निशाना बनाइएको थियो भन्नेबारे कुनै विवरण दिइएको छैन । घटनाको जिम्मेवारी पनि तत्काल कसैले लिएको छैन ।

युद्धको अवधिभर कुवेत यसअघि पनि इरान तथा इरानसमर्थित शिया मिलिसियाबाट इराक क्षेत्र हुँदै बारम्बार आक्रमणको जोखिममा पर्दै आएको पृष्ठभूमिमा नयाँ घटनाले पुराना सुरक्षा चिन्ताहरूलाई पुनः जीवित बनाएको छ । यो घोषणा तेहरान र वासिङ्टनबीच युद्धविराम कायम राख्ने प्रयास तथा जारी कूटनीतिक वार्ताकाबीच आएको हो । यद्यपि, ती प्रयासका बाबजुद विश्व ऊर्जा आपूर्तिका लागि अत्यन्त महत्त्वपूर्ण मानिने स्ट्रेट अफ होर्मुज अझै पूर्णरूपमा पुनः सञ्चालनमा आउन सकेको छैन ।

पर्सियन खाडीको साँघुरो प्रवेशद्वारका रूपमा रहेको उक्त जलघाँटीबाट कुनै समय विश्वव्यापी तेल तथा प्राकृतिक ग्यास व्यापारको करिब पाँचौं हिस्सा आवतजावत गर्ने गर्दथ्यो । यसको अवरोधले अन्तर्राष्ट्रिय ऊर्जा आपूर्तिमा गम्भीर असर पारेको छ र विज्ञहरूले आगामी साताहरूमा ऊर्जा अभाव अझ चर्किन सक्ने चेतावनी दिँदै आएका छन् ।

यसैबीच, अमेरिकाले इरानलाई उच्चस्तरमा संवर्द्धन गरिएको युरेनियमको मौज्दात त्याग्न दबाब दिइरहेको छ । अर्कोतर्फ, इस्लामिक गणतन्त्र इरानले आर्थिक प्रतिबन्ध हटाउन तथा रोक्का गरिएका सम्पत्तिहरू फुकुवा गराएर कमजोर बन्दै गएको अर्थतन्त्रलाई राहत दिन खोजिरहेको छ ।

बिहीबार बिहान अमेरिकी अधिकारीहरूले दिएको जानकारीअनुसार अमेरिकी सेन्ट्रल कमाण्डअन्तर्गतका फौजले स्ट्रेट अफ होर्मुज आसपास खतरा उत्पन्न गरिरहेका चारवटा इरानी एकतर्फी आक्रमणकारी ड्रोन खसालेका छन् । सार्वजनिकरूपमा बोल्न अधिकार नभएका र नाम गोप्य राख्ने सर्तमा बोलेका अधिकारीहरूका अनुसार अमेरिकी सेनाले पाँचौं ड्रोन प्रक्षेपणको तयारी भइरहेको भन्दै बन्दर अब्बासस्थित इरानी भू-नियन्त्रण केन्द्रमाथि पनि आक्रमण गरेको थियो ।

इरानको अर्धसैनिक क्रान्तिकारी गार्डले भने राज्य सञ्चालित इरना समाचार एजेन्सीमार्फत बन्दर अब्बास अन्तर्राष्ट्रिय विमानस्थल आसपास भएको आक्रमण स्वीकार गरेको छ । दोहोरो प्रयोग हुने उक्त विमानस्थल क्षेत्रलाई लक्ष्य बनाइएको स्वीकार गर्दै गार्डले आक्रमण सुरु गरिएको भनिएको हवाई अड्डामाथि आफ्नै प्रतिआक्रमण गरिएको दाबी पनि गरेको छ ।

तर, इरानी पक्षले कुन लक्ष्यमा जवाफी कारबाही गरिएको हो भन्नेबारे विस्तृत जानकारी दिएको छैन । साथै, बन्दर अब्बास क्षेत्रमा भएको सैन्य गतिविधि र कुवेतमा रिपोर्ट गरिएको मिसाइल तथा ड्रोन आक्रमणबीच प्रत्यक्ष सम्बन्ध थियो वा थिएन भन्ने विषय पनि तत्काल स्पष्ट हुन सकेको छैन । *रासस/एपी*

# तापक्रममा नयाँ रेकर्डको चेतावनी



**जेनेभा–** संयुक्त राष्ट्रसंघले आगामी पाँच वर्ष विश्वका लागि थप तातो, थप जोखिमपूर्ण र नयाँ तापक्रम रेकर्डहरू कायम हुने समय बन्न सक्ने चेतावनी दिएको छ । राष्ट्रसंघअन्तर्गतको मौसम तथा जलवायु निकायले सन् २०२६ देखि २०३० सम्म विश्वव्यापी औसत तापक्रम अहिलेको रेकर्डस्तरमै वा त्यसको नजिक रहने प्रबल सम्भावना रहेको जनाएको हो ।

विश्व मौसम विज्ञान संगठन (डब्लुएमओ) का अनुसार सन् २०२६-२०३० को पाँच वर्षे औसत तापक्रम सन् १८५०-१९०० को पूर्वऔद्योगिक औसतभन्दा १.५ डिग्री सेल्सियसभन्दा माथि पुग्ने सम्भावना ७५ प्रतिशत रहेको छ । यसले विश्व जलवायु संकट अझ गहिरिँदै गएको संकेत गरेको संगठनको निष्कर्ष छ ।

अहिलेसम्म अभिलेख गरिएका सबैभन्दा तातो ११ वर्ष सन् २०१५ यतामात्रै देखिएका छन् । डब्लुएमओले यो क्रम अझै जारी रहने अनुमान गर्दै सन् २०३१ अगाडि नै नयाँ 'सबैभन्दा तातो वर्ष' घोषणा गर्नुपर्ने अवस्था आउन सक्ने जनाएको छ । यो प्रतिवेदन सार्वजनिक भइरहँदा पश्चिमी युरोप पनि असामान्य गर्मीको चपेटामा परेको छ । बेलायत र फ्रान्समा मे महिनाकै तापक्रम रेकर्डहरू तोडिएका छन् भने पश्चिमी युरोपका विभिन्न क्षेत्र 'तातो गुम्बज' भनिने उच्च तापीय प्रणालीको प्रभावमा परेका छन् ।

डब्लुएमओले आगामी पाँच वर्ष विश्वव्यापी औसत तापक्रम निरन्तर रेकर्डस्तरमा वा त्यसको आसपास रहने सम्भावना रहेको स्पष्ट पारेको छ । संगठनका अनुसार सन् २०२६ र २०३० बीचको कम्तीमा एक वर्षले सन् २०२४ लाई उछिन्दै इतिहासकै सबैभन्दा तातो वर्ष बन्ने सम्भावना ८६ प्रतिशत रहेको छ । यसबीच, जलवायु चक्रसँग जोडिएको 'एल निनो' प्रभावले तापक्रमलाई थप उकालो लाग्न सक्ने अनुमान गरिएको छ । डब्लुएमओको 'ग्लोबल एन्युअल-टु-डिकेडल अपडेट' का प्रमुख लेखक लियोन हर्मनसनले सन् २०२६ को अन्त्यतिर एल निनो विकास हुने पूर्वानुमान गरिएको बताए । उनका अनुसार त्यसको प्रभावले सन् २०२७ लाई अर्को कीर्तिमानी तातो वर्ष बनाउने सम्भावना अझ बढाउन सक्छ ।

यसअघिको एल निनो घटनाले सन् २०२३ लाई अभिलेखमा दोस्रो सबैभन्दा तातो वर्ष बनाउन योगदान गरेको थियो भने सन् २०२४ को तापक्रम पूर्वऔद्योगिक औसतभन्दा १.५५ डिग्री सेल्सियस माथि पुगेको थियो ।

एल निनो एउटा प्राकृतिक जलवायु प्रक्रिया हो, जसले मध्य तथा पूर्वी भूमध्यरेखीय प्रशान्त महासागरको सतही तापक्रम बढाउँछ । यसको प्रभावले विश्वभर हावाको गति, मौसमको अवस्था र वर्षाको ढाँचामा उल्लेखनीय परिवर्तन देखिन्छ । यो चक्र सामान्यतया प्रत्येक दुईदेखि सात वर्षको अन्तरालमा देखिने र करिब नौदेखि १२ महिनासम्म रहने गर्छ ।

सन् २०१५ को पेरिस जलवायु सम्झौताले विश्व तापक्रम वृद्धिलाई पूर्वऔद्योगिक स्तरभन्दा दुई डिग्री सेल्सियसभन्दा तल, सम्भव भएसम्म १.५ डिग्री सेल्सियसभन्दा कममा सीमित गर्ने लक्ष्य तय गरेको थियो । यी लक्ष्यहरू मानव समाजले ठूलो मात्रामा कोइला, तेल र ग्यास जलाउन सुरु हुनुअघिको सन् १८५०-१९०० को औसत तापक्रमलाई आधार मानेर निर्धारण गरिएका हुन् । यिनै जीवाश्म इन्धनबाट निस्कने कार्बन डाइअक्साइडलाई जलवायु परिवर्तनको प्रमुख कारण मानिन्छ ।

डब्लुएमओको अद्यावधिक प्रतिवेदनले सन् २०२६-२०३० अवधिमा वार्षिक विश्वव्यापी सतह नजिकको औसत तापक्रम पूर्व-औद्योगिक औसतभन्दा १.३ डिग्रीदेखि १.९ डिग्री सेल्सियससम्म माथि रहने अनुमान गरेको छ । संगठनका अनुसार सन् २०२६ देखि २०३० बीचको कम्तीमा एक वर्षमा विश्वव्यापी औसत तापक्रम अस्थायी रूपमा १.५ डिग्री सेल्सियसभन्दा माथि जाने सम्भावना ९१ प्रतिशत पुगेको छ । साथै, पूरै पाँच वर्षको औसत नै १.५ डिग्रीको सीमाभन्दा माथि रहने सम्भावना ७५ प्रतिशत रहेको उल्लेख गरिएको छ । यद्यपि, आगामी पाँच वर्षभित्र कुनै एक वर्षको तापक्रम पूर्व-औद्योगिक आधाररेखाभन्दा दुई डिग्री सेल्सियसभन्दा बढी पुग्ने सम्भावना अत्यन्त न्यून रहेको डब्लुएमओले जनाएको छ । संगठनका अनुसार यस्तो अवस्था आउन सक्ने सम्भावना एक प्रतिशतभन्दा कममात्रै छ ।

प्रतिवेदनले आर्कटिक क्षेत्रमा तापक्रम वृद्धि विश्व औसतभन्दा धेरै तीव्र हुने चेतावनी पनि दिएको छ । आगामी पाँच उत्तरी गोलार्धीय जाडो मौसम (नोभेम्बरदेखि मार्चसम्म) मा आर्कटिकको तापक्रम सन् १९९१-२०२० को औसतभन्दा करिब २.८ डिग्री सेल्सियस बढी रहने अनुमान गरिएको छ । यो सोही अवधिको विश्वव्यापी औसत तापक्रम वृद्धिभन्दा तीन गुणाभन्दा बढी हो ।

डब्लुएमओले १.५ डिग्रीको सीमा आगामी वर्षहरूमा अझ धेरै पटक पार हुन सक्ने चेतावनी दिएको छ । तर, पेरिस सम्झौतामा उल्लेख गरिएको १.५ र दुई डिग्रीको सीमा दीर्घकालीन, सामान्यतया २० वर्षभन्दा बढी अवधिको औसत तापक्रमसँग सम्बन्धित भएकाले अस्थायीरूपमा त्यो सीमा नाघिनुले दीर्घकालीन लक्ष्य पूर्णतः असम्भव भइसकेको अर्थ नलाग्ने संगठनले स्पष्ट पारेको छ । गत वर्ष पनि अभिलेखमा रहेका तीन सबैभन्दा तातो वर्षमध्ये एक थियो । विश्वव्यापी सतह नजिकको औसत तापक्रम सन् १८५०-१९०० को आधाररेखाभन्दा करिब १.४३ डिग्री सेल्सियसभन्दा माथि पुगेको अनुमान गरिएको थियो ।

बेलायतको मौसम कार्यालय राष्ट्रिय मौसम सेवा तथा डब्लुएमओको वार्षिकदेखि दशकीय जलवायु पूर्वानुमान केन्द्रले तयार पारेको यस प्रतिवेदनमा १३ विभिन्न संस्थाका पूर्वानुमानहरू समेटिएका छन् । प्रतिवेदनले सन् २०२६ देखि २०३० सम्म मेदेखि सेप्टेम्बरसम्मको वर्षा ढाँचामा पनि ठूलो क्षेत्रीय अन्तर देखिन सक्ने जनाएको छ । त्यसअनुसार साहेल क्षेत्र, उत्तरी युरोप, अलास्का र साइबेरियामा सामान्यभन्दा बढी वर्षा हुने संकेत देखिएको छ भने अमेजन क्षेत्रमा असामान्य सुख्खापन कायम रहने पूर्वानुमान गरिएको छ । *रासस/एएफपी*

# अमेरिका-इरान तनावले फेरि बढ्यो तेलको मूल्य



**तेहरान–** इरानमाथि अमेरिकाले नयाँ सैन्य कारबाही गरेपछि बिहीबार अन्तर्राष्ट्रिय बजारमा तेलको मूल्य फेरि बढेको छ भने अधिकांश एसियाली सेयर बजारमा गिरावट आएको छ । मध्यपूर्व युद्धविराम कमजोर बन्दै गएको संकेतसँगै बजारमा पुनः तनाव देखिएको हो ।

बुधबार सम्भावित शान्ति सम्झौताप्रति आशा बढेपछि तेलको मूल्य घटेको थियो । तर नयाँ घटनाक्रमपछि उक्त गिरावट धेरै हदसम्म मेटिएको छ । युद्धका कारण महत्त्वपूर्ण हर्मुज जलडमरूमध्यमार्फत हुने ढुवानी महिनौंदेखि प्रभावित हुँदै आएको छ ।

अमेरिकी अधिकारीका अनुसार अमेरिकी सेनाले इरानका चार ड्रोन खसाल्नुका साथै दक्षिणी सहर बन्दर अब्बासस्थित एक नियन्त्रण केन्द्रमा आक्रमण गरेको छ । नाम नखुलाउने सर्तमा ती अधिकारीले कारबाहीलाई 'सन्तुलित, पूर्णरूपमा रक्षात्मक र युद्धविराम कायम राख्न लक्षित' बताएका छन् ।

इरानको सरकारी सञ्चारमाध्यमले भने इरानी सेनाले जलडमरूमध्य क्षेत्रमा चार जहाजमाथि गोली प्रहार गरेको जनाएको छ । यता कुवेतले आफ्नो हवाई सुरक्षा प्रणालीले मिसाइल र ड्रोन आक्रमणको जवाफ दिइरहेको जनाएको छ ।

यी घटनाक्रमबीच एक इरानी अधिकारीले अमेरिका-इरानबीच पुनः ठूलो युद्ध हुने सम्भावना कम रहेको बताएका छन् । तर अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले शान्ति सम्झौता नभए 'काम समाप्त गरिने' चेतावनी दिए । यसले मध्यपूर्व युद्ध अन्त्यका लागि भइरहेका वार्ता अझै अस्थिर अवस्थामा रहेको संकेत दिएको छ, जसले विश्व ऊर्जा बजारमा गम्भीर प्रभाव पारिरहेको छ ।

अन्तर्राष्ट्रिय मापदण्ड कच्चा तेलको मूल्य बिहीबार बिहानको कारोबारमा १.८ प्रतिशतले बढेर प्रतिब्यारेल ९५.९५ डलर पुगेको छ । अमेरिकी कच्चा तेलको मूल्य पनि १.७ प्रतिशतले बढेर ९०.१७ डलर पुगेको छ। एसियाली सेयर बजारहरूमा भने अधिकांश सूचकांक घटेका छन् । हङकङको प्रमुख सूचकांक १.५ प्रतिशतभन्दा बढीले ओरालो लागेको छ । *रासस/एएफपी*

# जापानी सवारी उद्योगमा मध्यपूर्व द्वन्द्वको असर

**टोकियो–** टोयोटाको जापानबाट मध्यपूर्वतर्फ हुने निर्यात अप्रिल महिनामा ९१.७ प्रतिशतले घटेको छ । जारी क्षेत्रीय द्वन्द्वका कारण व्यापारमा असर पर्दा निर्यात केवल दुई हजार ४१८ युनिटमा सीमित भएको कम्पनीले बिहीबार जनाएको छ ।

कम्पनीका अनुसार अप्रिलमा टोयोटाको विश्वव्यापी बिक्री ३.१ प्रतिशतले घटेर आठ लाख ४९ हजार ३०६ सवारीसाधनमा पुगेको छ । यससँगै लगातार तेस्रो महिनासम्म बिक्री घट्ने क्रम जारी रहेको छ । तर, विश्वव्यापी उत्पादन भने दुई प्रतिशतले बढेर आठ लाख ३१ हजार ९७१ युनिट पुगेको छ, जुन अप्रिल महिनाकै लागि रेकर्ड उच्च उत्पादन हो ।

विदेशी बजारमा टोयोटाको बिक्री ७.५ प्रतिशतले घटेर छ लाख ९९ हजार ३८२ युनिटमा झरेको छ । अमेरिकामा बिक्री ४.६ प्रतिशतले घटेर दुई लाख २२ हजार ३७८ युनिट पुगेको भने मध्यपूर्वमा बिक्री ३३.७ प्रतिशतले घटेर ३१ हजार ३६० युनिटमा सीमित भएको छ ।

यता जापानभित्रको घरेलु बिक्री भने २४.२ प्रतिशतले बढेर एक लाख ४९ हजार ९२४ युनिट पुगेको कम्पनीले जनाएको छ । मार्च अन्त्यमा वातावरणीय प्रदर्शन कर हटाइने घोषणा भएपछि खरिद स्थगित गरेका उपभोक्ताहरू पुनः बजारमा फर्किएपछि बिक्री बढेको बताइएको छ ।

उत्पादनतर्फ टोयोटाको विदेशी उत्पादन ३.८ प्रतिशतले बढेर पाँच लाख ६७ हजार ५७८ युनिट पुगेको छ भने जापानभित्रको उत्पादन १.७ प्रतिशतले घटेर दुई लाख ६४ हजार ३९३ युनिटमा झरेको छ । *रासस/सिन्ह्वा*


## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोहरूखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहिरूत दाहरूाल) - फोन नं.४०१६३१८, महरूाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिरूमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal-पुतलीसडक चोक, फोन नं.9851079417, 2297501|HaLMax¿Communication-Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हरूल हरूसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर, कलंकी चोक, फोन नं.९८४१०२१५२३, ९८५१०८८६७७, ९८१०१२३१३१, फ्याक्सः०१-४२७१३२२। दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हरूलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं, सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २८५००० | प्रति तोला – ० | प्रति तोला – ४८६५ |



**भोजपुर-दिङ्ला सडक कालोपत्रे** | कालोपत्रे हुँदै गरेको भोजपुरको उत्तरी क्षेत्रको प्रमुख व्यापारिक केन्द्र दिङ्लासँग जोड्ने बहुप्रतिक्षित 'भोजपुर–दिङ्ला'सडक । कार्यालय प्रमुख राजनराज रेड्डीले कोशी प्रदेश सरकारको करिब ६२ करोड रूपैयाँको लगानीमा पहिलो खण्डअन्तर्गत पानी ट्यांकी–तीनतलेसम्मको करिब १७ किलोमिटर सडकमा कालोपत्रे कार्य सुरु गरिएको बताए । *तस्बिर : युवराज विष्ट/रासस*

# जीवन बिमा शुल्कबाट एक खर्ब २७ अर्ब ६९ करोड संकलन

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** जीवन बिमा शुल्कमार्फत रु एक खर्ब २७ अर्ब ६९ करोड बराबरको रकम संकलन भएको छ ।

अर्थ मन्त्रालयले सार्वजनिक गरेको चालु आर्थिक वर्षको आर्थिक सर्वेक्षण अनुसार निर्जीवन बिमा शुल्क रु ३२ अर्ब ५३ करोड बराबर संकलन भएको छ । कूल बिमा शुल्क २०८१ फागुनसम्मको तुलनामा चालु आवको फागुन मसान्तसम्म १६ दशमलव एक प्रतिशतले वृद्धि भई रु एक खर्ब ६० अर्ब २२ करोड बराबर पुगेको छ ।

गत फागुन मसान्तसम्म सक्रिय बिमालेखमध्ये जीवन बिमातर्फको संख्या एक करोड ६२ लाख ५९ हजार ८३२ र निर्जीवन बिमातर्फको संख्या २१ लाख ६८ हजार ४५ बराबर रहेको छ । चालु आवको फागुनसम्म जीवन बिमातर्फ एक लाख २५ हजार ८३० बिमा दाबीअन्तर्गत रु २६ अर्ब ८४ करोड बराबरको रकम दाबी भुक्तानी गरिएको सर्वेक्षणमा उल्लेख छ ।

> चालु आवको फागुनसम्म जीवन बिमातर्फ एक लाख २५ हजार ८३० बिमा दाबीअन्तर्गत रु २६ अर्ब ८४ करोड बराबरको रकम दाबी भुक्तानी गरिएको सर्वेक्षणमा उल्लेख छ ।

निर्जीवन बिमातर्फ ९४ हजार २१५ बिमा दाबीअन्तर्गत रु १७ अर्ब ३१ करोड बराबरको रकम भुक्तानी गरिएको छ । बिमा क्षेत्रमा जीवन र लघु जीवन बिमातर्फ गरी १२ हजार ४३० जनाले प्रत्यक्ष रोजगारी प्राप्त गरेका छन् । सर्वेक्षण अनुसार २०८१ फागुनसम्म करिब चार लाख १२ हजार ४५२ अभिकर्ता अप्रत्यक्ष रोजगारीमा छन् ।

निर्जीवन बिमा व्यवसायको क्षति मूल्यांकन गर्ने एक हजार २२४ सर्भेयर र १६ पुन:बिमा अभिकर्ताले रोजगारी पाएका छन् ।

**सञ्चय कोषको सम्पत्ति छ खर्ब ४२ अर्ब ३५ करोड**

यसैगरी, गत पुससम्म कर्मचारी सञ्चय कोषको सम्पत्ति तथा दायित्व रु छ खर्ब ४२ अर्ब ३५ करोड बराबर पुगेको छ । सो अवधिमा सञ्चयकर्ताको सञ्चित रकम रु पाँच खर्ब ७८ अर्ब छ करोड बराबर छ ।

कोषले विभिन्न क्षेत्रमा गरी रु दुई खर्ब २९ अर्ब ४९ करोड बराबरको रकम लगानी गरेको छ । यस्तै रु तीन खर्ब ८१ अर्ब ६१ करोड बराबरको कर्जा तथा सापटी प्रदान गरेको छ ।

सर्वेक्षण अनुसार गत पुस मसान्तसम्म नागरिक लगानी कोषको सम्पत्ति तथा दायित्व रु तीन खर्ब १९ अर्ब ५० करोड बराबर पुगेको छ । सो अवधिमा बचतकर्ताको सञ्चित रकम रु दुई खर्ब ८२ अर्ब ३७ करोड बराबर छ । कोषले विभिन्न क्षेत्रमा रु एक खर्ब ९२ अर्ब ९४ करोड लगानी गरेको छ । रु ९१ अर्ब ५६ करोड बराबरको रकम कर्जा तथा सापटी प्रदान गरेको छ ।

# त्रिशूली–१ को 'वेयरगेट' सञ्चालन

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** रसुवामा निर्माणाधीन २१६ मेगावाट क्षमताको माथिल्लो त्रिसूली-१ जलविद्युत् आयोजनाको पानी बहाव नियन्त्रण गर्ने वेयरगेट (ड्यामको गेट) उद्घाटन गरिएको छ ।

नेपालका लागि गणतन्त्र कोरियाली राजदूत पार्क थेयडले बिहीबार रसुवामा आयोजित कार्यक्रममा आयोजनाको एक महत्वपूर्ण हिस्साका रूपमा रहेको वेयरगेटको उद्घाटन गरेसँगै सो जलविद्युत् परियोजना निर्माण अन्तिम चरणमा पुगेको नेपालस्थित गणतन्त्र कोरियाली दूतावासले जनाएको छ ।

उक्त अवसरमा राजदूत पार्कले गणतन्त्र कोरियाली सरकारले विगत ५२ वर्षदेखि नेपालको दिगो आर्थिक विकास र समृद्धिलाई समर्थन गर्दै नेपालको भरपर्दो विकास साझेदार बनेको बताए । उनले कोरियाका तर्फबाट नेपालमा तीन वटा जलविद्युत् आयोजना निर्माण हुनुका साथै आवश्यक वित्तीय साझेदारी रहेको उल्लेख गर्दै ऊर्जा क्षेत्रमा नेपाल र कोरियाबीच सहकार्यका प्रचुर सम्भावना रहेको उल्लेख गरे । यस परियोजनालाई नेपाल र कोरियाबीचको दीर्घकालीन ऊर्जा क्षेत्रमा भएको लगानीलाई एक ऐतिहासिक उदाहरणको रूपमा लिन सकिने उनको भनाइ छ ।

उद्घाटन समारोहमा ऊर्जा मन्त्रालयका अधिकारीहरू, कोरियाली दूतावासका कर्मचारी, परियोजनासम्बन्धी सरोकार भएका निकायका प्रतिनिधिलगायत स्थानीय बासिन्दाको उपस्थिति थियो । नेपालको सबैभन्दा ठूलो प्रत्यक्ष वैदेशिक लगानी भएको यस जलविद्युत् परियोजना सन् २०२७ को मध्यसम्ममा सम्पन्न गर्ने लक्ष्य राखिएको छ । यस परियोजनामा ७० प्रतिशत ऋण र ३० प्रतिशत इक्विटीको मिश्रित लगानी रहेको छ ।

नेपाल जल तथा ऊर्जा विकास कम्पनी प्राइभेट लिमिटेडद्वारा निर्माणाधीन यस आयोजनाको प्रमुख प्रायोजकहरू कोरिया साउथ इस्ट पावर कम्पनी) र कोरिया ओभरसिज इन्फ्रास्ट्रक्चर एण्ड अर्बन डेभलपमेन्ट कर्पोरेशन गरी दुई कोरियाली कम्पनी छन् । यस आयोजना नेपालको जलविद्युत् क्षेत्रमा सबैभन्दा ठूलो प्रत्यक्ष विदेशी लगानी भएको र नदीको बहावमा आधारित परियोजना सन् २०२७ को मध्यसम्ममा सम्पन्न हुने तालिका रहेको जनाइएको छ ।

आयोजनामा ऋण प्रदान गर्ने प्रमुख अन्तरराष्ट्रिय वित्तीय संस्थाहरूमा अन्तरराष्ट्रिय वित्त निगम, एसियाली विकास बैंक, एसियाली पूर्वाधार लगानी बैंक र कोरियाली एक्जिम बैंक रहेका छन् ।

# निर्माण व्यवसायीका समस्या सम्बोधन गर्न निजी क्षेत्रको आग्रह

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** निजी क्षेत्रका छाता संगठन नेपाल उद्योग परिसंघ र नेपाल चेम्बर अफ कमर्शले मध्यपूर्वमा जारी युद्धका कारण इन्धनमा भएको उच्च मूल्यवृद्धिले निर्माण व्यवसायीमाथि परेको आर्थिक तथा मानसिक दबाबलाई सम्बोधन गर्न सरकारसँग आग्रह गरेका छन् ।

परिसंघ र चेम्बरले बिहीबार बेग्लाबेग्लै विज्ञप्ति जारी गर्दै निर्माण व्यवसायीको समस्या सम्बोधन गरी समग्र अर्थतन्त्रलाई चलायमान बनाउन आग्रह गरेका हुन् । डिजेल, मट्टितेल, बिटुमिनसहितका निर्माण सामग्री तथा ढुवानी लागतमा उच्च वृद्धि हुँदा निर्माण उद्योग ठप्प हुने स्थितिमा पुगेको निर्माण व्यवसायीको भनाइ छ ।

मूल्यवृद्धिका कारण व्यवसायीलाई मात्रै रु १० अर्बभन्दा बढी नोक्सानी भइसकेको नेपाल निर्माण व्यवसायी महासंघले जनाएको छ ।

मध्यपूर्वमा जारी युद्धका कारण इन्धनमा भएको उच्च मूल्यवृद्धिले नेपाली अर्थव्यस्था प्रत्यक्ष प्रभावित भएको जनाउँदै परिसंघले निर्माण परियोजना प्रभावित हुँदा यससँग प्रत्यक्ष सरोकार राख्ने अन्य उद्योगमा शिथिलता आउन सक्ने भन्दै चिन्ता व्यक्त गरेको छ ।

निर्माण क्षेत्रमा बढ्दो लागत, ढिलो भुक्तानी तथा प्रशासनिक जटिलताका कारण निर्माण व्यवसायी समस्यामा परेको भन्दै चेम्बरले निर्माण क्षेत्रलाई थप संकटमा जानबाट रोक्न आवश्यक नीति तथा निर्णय तत्काल लागू गर्न सरकारसँग आग्रह गरेको छ ।

# पर्यटकको दैनिक औसत खर्च घट्यो

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाल भ्रमणमा आएका पर्यटकको औसत दैनिक खर्च १९ प्रतिशतले घटेको छ । सरकारद्वारा हालै सार्वजनिक गरिएको आर्थिक सर्वेक्षणले पर्यटक भित्रिए पनि खर्च भने घटेको देखाएको हो ।

नेपाल पर्यटन व्यवसायी संघका अध्यक्ष कुमारमणि थपलियाले पर्यटकले खर्च नगर्ने हो भने पर्यटनबाट मुलुक समृद्धिको लक्ष्य हासिल गर्न कठिनाइ हुने बताए । उनका अनुसार नेपाल आउने पर्यटकले यात्रामै बढी खर्च गर्नुपर्ने बाध्यता भएकाले खुलेर खर्च गर्ने अवस्था नरहेको हो । 'यातायात टिकट नै तीन हजार डलर पुग्छ । यस्तो अवस्थामा पर्यटकले यहाँ आएर प्रशस्त खर्च गर्ने पैसा कटौती हुन्छ', उनले भने, 'हामीले पर्यटकलाई खर्च गराउने वातावरण सिर्जना गर्न सकेका छैनौं ।'

संघका अध्यक्ष थपलियाले पर्यटकलाई खर्च गराउन विलासी प्याकेज (लक्जरियस प्याकेज) को प्रावधान बनाई कार्यान्वयन गर्नुपर्ने आवश्यकता औंल्याए । बाटो सुविधायुक्त बनाउने, खर्च गर्ने कलात्मक संरचना निर्माण गर्ने र ट्राभल शुल्क कम गर्ने हो भने पर्यटकले खर्च गर्ने आधार बढ्ने उनको तर्क छ ।

अर्थमन्त्री डा. स्वर्णीम वाग्लेले बुधबार प्रस्तुत गरेको आर्थिक सर्वेक्षण २०८२/८३ मा गत आर्थिक वर्ष (सन्, २०२४) मा ४० दशमलव ८४ अमेरिकी डलर औसत खर्च गर्ने पर्यटकले सन् २०२५ मा ३३ दशमलव शून्य आठ अमेरिकी डलर मात्रै खर्च गरेका छन् । यस हिसाबले नेपालमा आउने पर्यटकको औसत दैनिक खर्च १९ प्रतिशतले घटेको थपलियाले जानकारी दिए ।



सर्वेक्षणका अनुसार सन् २०२५ देखि केन्द्रीय विद्युतीय पर्यटन व्यवस्थापन सूचना प्रणाली (सिटिएमआइएस) बाट अध्यागमन विभागले पर्यटकको आगमन र प्रस्थान मिति प्रविष्ट गरेपछि स्वचालित हिसाबले गणना हुने प्रबन्ध गरिएकाले पर्यटकको प्रतिदिन औसत खर्चसमेत सोही अनुपातमा घटेको हो । सर्वेक्षणले गत वर्षको तुलनामा यसवर्ष नेपाल भित्रिने पर्यटकको सङ्ख्या एक दशमलव तीन प्रतिशतले वृद्धि भई ११ लाख ६२ हजार ३६५ पुगेको छ देखाएको छ । सन् २०२४ मा ११ लाख ४७ हजार ५४८ पर्यटक भित्रिएका थिए ।

नेपालमा भित्रिने पर्यटकमध्ये ६० दशमलव दुई प्रतिशत बिदा र मनोरञ्जनका लागि आउने गरेका छन् । यसमा पनि सबैभन्दा बढी घुम्न आउने पर्यटकमा तीर्थयात्री १४ दशमलव चार प्रतिशत रहेका तथ्यांकले देखाएको संघका अध्यक्ष थपलियाले उल्लेख गरे । उनका अनुसार पदयात्रा पर्वतारोहणका लागि १४ दशमलव दुई प्रतिशत र अन्य प्रयोजन (व्यापार, अध्ययन, भ्रमण वा अन्य विविध) का लागि ११ दशमलव दुई प्रतिशत पर्यटक नेपाल आएका छन् ।

यसरी नेपाल भ्रमण गर्ने पर्यटकको बसाइ अवधिसमेत बढेको तथ्यांकले देखाएको छ । सन् २०२४ मा प्रतिपर्यटक औसत बसाइ अवधि १३ दशमलव ३० दिन रहेकामा सन् २०२५ मा १६ दशमलव ३४ दिन पुगेको छ । तथ्यांकअनुसार सन् २०२५ मा आएका पर्यटकमध्ये भारतबाट करिब दुई लाख ९३ रहेका छन् ।

त्यसैगरी, अमेरिकाबाट एक लाख १३ हजार, चीनबाट ९६ हजार, बेलायतबाट ५९ हजार, बंगलादेशबाट ५८ हजार, अष्ट्रेलियाबाट ५० हजार, श्रीलंकाबाट ३८ हजार, थाइल्यान्डबाट ३० हजार, जर्मनीबाट ३० हजार, श्रीलंकाबाट ३८ हजार, जापानबाट २५ हजार र अन्य मुलुकबाट तीन लाख ७१ हजार रहेका छन् ।

तथ्यांकले २०२५ मा भ्रमण आय चार दशमलव आठ प्रतिशत वृद्धि भएको देखाउँछ । गत वर्ष आर्थिक वर्षमा पर्यटन क्षेत्रबाट प्राप्त हुने भ्रमण आय ८३ अर्ब ३९ करोड ४० लाख थियो । ठमेल पर्यटन परिषद् विकास परिषद्को उपाध्यक्ष सहदेव धमलाले पर्यटकले पर्याप्त खर्च गरे मात्रै राज्यको कुल गार्हस्थ उत्पादनमा योगदन पुऱ्याउन सकिने बताए । उनका अनुसार अहिले पर्यटकलाई गुणस्तर किनमेल गर्ने वस्तुको अभाव छ ।

त्यस्तै, पर्यटकको चाहनाअनुसारका सेवा प्रवाहमा पनि नेपाल व्यवस्थित हुन आवश्यक रहेको उनले बताए । 'सेवा प्रवाह नै बलियो बनाउन र पर्यटकले किनमेल गर्ने गुणस्तर वस्तुको उत्पादन गर्न राज्यले लगानीमा जोड दिनुपर्छ', उनले भने ।

गणतन्त्र दिवस मनाऔं, लोकतन्त्र सुदृढ बनाऔं ।

- जनताको बलिदानबाट प्राप्त गणतन्त्रको सम्मान गरौं,
- संविधानको पालना गरी नागरिक कर्तव्य पूरा गरौं,
- सुशासन, पारदर्शिता र उत्तरदायित्वलाई प्रवर्द्धन गरौं,
- विभेदरहित समाज निर्माणमा सबैले योगदान दिऔं,
- राष्ट्रिय एकता, अखण्डता र सार्वभौमिकताको रक्षा गर्न एकजुट होऔं,
- विकास र समृद्धिको यात्रामा सक्रिय सहभागिता जनाऔं,
- लोकतान्त्रिक मूल्य–मान्यता र मानवअधिकारको संरक्षण गरौं ।

गणतन्त्रको सुदृढीकरण, समुन्नत नेपालको आधार ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ